सच्चा र स्वतन्त्र प्रेसको जगेर्ना गरौं । जि.प्र.का.प.द.नं २५०/०६७/०६८, जि.हु.का.द.नं. १७७-२०७६/०७७

# त्रिनेत्र पोष्ट

त्रि-नेत्र पोष्ट साप्ताहिक

Treenetra post weekly

साप्ताहिक

वर्ष १३, अंक ४६, २०८१ असार १० गते सोमबार 24 June- 2024 पृष्ठ:- ६, मूल्य:- १०/-



सामाचार पृष्ठ तेश्रो पेजमा ।

## पर्सा जिल्लाको विभिन्न ग्रामिण भेगका विद्यालयहरु जिर्ण हुँदा बर्षादको मौसममा पठन पाठन गराउन समस्या यता शिक्षा माहाशाखा ध्यान नपुग्नु विडम्बना



वीरगंज पर्सा/पर्सा जिल्लाको विभिन्न ग्रामिण भेगका विद्यालयहरु जिर्ण हुँदा बर्षादको मौसममा पठनपाठन गराउन समस्या देखिएको स्थानियहरु बताउँछन ।सो विद्यालयहरुको भवन चर्किएको अबस्था र टिनको जस्तापाता जतातत्तै प्वाल परेपछि पानी चुहेयर विद्यालयनै बन्द गर्नुपर्ने अबस्था सृजना भएको हो ।

विद्यालय व्यबस्थापन समिती राजनितीक भागबन्डामा रुम्मलिने र विद्यालय प्रति उतिसारो ध्यान नदिने कारण उक्त विद्यालयहरु बर्षादको सिजनमा विद्यालय बन्द गर्नु पर्ने अबस्था आईपर्ने गरेको शिक्षकहरु बताउँछन । यता विरगंज महानगरपालिका अन्तर्गत शिक्षा महाशाखा शहर भित्रको मात्र अनुगन गर्ने र शहर बाहिरको ग्रामिण भेगहरुका विद्यालयहरुमा उतिसारो चासो नलिने कारण ग्रामिण भेगका विद्यालय भवनहरु मर्मत सम्भार हुन नसकेको सामुदायीक विद्यालयका प्रध्यानध्यापकहरु स्वीकार छन । तीन तहको सरकारले शिक्षा, स्वास्थ्य, रोजगारीलाई प्राथमिकतामा राखेको भएपनि खासगरि व्याबहारमा कार्यन्वयन नभएको स्थानिय बुद्धिजिवि मोहन लाल चौधरीले बताए ।

उहाँको भनाई अनुसार हरेक सामुदायीक विद्यायहरुमा राजनितीक भागबन्डा हुने र विद्यालय व्यबस्थापन समिती राजनितीक भागब न्डामा नियुक्ति भएर आएका प्रअले उतिसारो विद्यालय मर्मत सम्भवार गराउन चासो नलिने कारण विधार्थीहरु चुहिएकै भवनमा अध्यन गर्नु पर्ने बाध्यता आईपरे को विधार्थीहरुको गुनासो रहेको छ । लाखौ बजेट सामुदायीक विद्यालयका लागि छुट्याएतापनि भवनजिर्ण हुँदा समेत मर्मत गर्न उतिसारो अग्रसरता नदेखाउने गरे को स्थानियहरुले बताएका हुन ।

## नेपाल भारत सिमा स्तम्भ पिलर शसस्त्र प्रहरीले खोजी खोजी मर्मत सम्भार गर्न अग्रसरता देखाए

विरगंज पर्सा/नेपाल भारत सिमा स्तम्भ पिलर शसस्त्र प्रहरीले अग्रसरता देखाए पछि स्थानियहरु हर्षित भएका छन । पर्सा जिल्लाको सिमा नाका अन्तर्गत सिमा स्तम्भ पिलर जमिनमै हराउने र कुनै पिलर भाचिएको अबस्था भेटिने गरेपछि शसस्त्र बाहिनी चिनिमिलको टोलीले अनुगमन गरि हराएका सिमा स्तम्भ पिलर मर्मत गर्न चासो लिएको हो। उक्त सिमा स्तम्भको पिलरले गर्दा नेपाल भारत पछिल्लो समय सिमास्तम्भव कै कारण खटपट हुने गरेको बुद्धिजिविहरुले बताएका छन । सो सिमास्तम्भ पिलर दुई चिमेकी मुलुको सहमति अनुसार मर्मत सम्भार भएपछि सिमास्तम्भवकै कारण विवाद र चिसोपन नहुने दुई छिमेकी मुलुका उच्च पदस्थ अधिकारीहरुको भनाई छ । पछिल्लो समय नेपाल भारत सिमा स्तम्भकै कारण विभिन्न टिक्का टिप्पणी देखि दुईछिमेकी विच चिसोपना र सदियौ देखि रोटि बेटीको सम्बन्ध समेत सिमा स्तम्भकै कारणले गर्दा दरार पैदा भएपछि दुई छिमी की मुलुक सिमास्तम्भ विषयलाई निक्कै गम्भिर देखिएका छन । साना साना कुराले दुई छिमेकी मुलुकको अविश्वासको बाताबरण पैदा हुदै आईरहेकोमा नेपाल भारत सिमास्तम्भ पिलर दुबै मुलुकले खोजतलास गरि मर्मत सम्भार गरेमा पछिसम्म घनिष्ट रहने बुद्धिजिविहरुले बताएका हुन ।



## बजारमा नेपाली आँपको मुल्य अघिल्लो बर्षको तुलनमा यसबर्ष कम हुने आकलंन

वीरगंज पर्सा/बजारमा नेपाली आँपको मुल्य अघिल्लो बर्षको तुलनमा यसबर्ष निक्कै कमहुने आकंलन व्यापारीहरुले बताएका छन । फलफुलको राजा आँपलाई मानिएपनि पछिल्लो समय भारतीय आँपले बजार ओगटेपछि नेपाली किसानहरु चिन्तीत भएको हो । तर यस बर्ष अघिल्लो बर्षको तुलनामा

बाँकी ५ पृष्ठमा



## लागु औषध बेच्न हिँडेका २ युवा पक्राउ

***काठमाडौं ।*** लागु औषध बिक्री गर्न हिँडेको अवस्थामा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

बाँकी ५ पृष्ठमा


## बालबालिकालाई मोबाइलको लतबाट जोगाऔं

बालबालिकामा मोबाइलको लत बसेपछि क्रियाशीलता घट्नु, निद्रामा कमी हुनु, मानसिक स्वास्थ्यमा समस्या हुनु, मोटोपना बढ्नु, कुलतमा फस्नु, पढाइमा मन नलाग्नु, आँखामा समस्या हुनु, रिस उठ्नु, परिवारमा घुलमिल हुन नचाहनु लगायतका असरहरु देखिन्छ । त्यसैले समयमै सचेत होऔं ।

१. मोबाइल प्रयोगको समय दैनिक रुपमा घटाउँदै लाने ।
२. बालबालिकासँग रमाइला गफगाफ गर्ने, रोचक कुराहरु सुनाउने ।
३. रातीको समयमा सकभर मोबाइल चलाउन नदिने तथा नकारात्मक प्रभावबारे जानकारी गराउने ।
४. खेलकुद्, चित्र कोर्ने, नाचगान लगायतका सिर्जनात्मक अभ्यासमाा लगाउने ।
५. बिदाको दिन रमाइला स्थानहरुमा घुमाउन लैजाने ।
६. बालबालिकाका कुरा झर्को नमानी सुन्ने, जिज्ञासाको सहज जवाफ दिने, गृहकार्य गराउँदा आफू पनि समय दिने तथा बालबालिकासँगै थोरै समय रमाउने । हाम्रो सानो प्रयासले बालबालिकाको भविष्य सुधार्न सक्छौं । त्यसैले आजैदेखि जिम्मेवार अभिभावक बनौं ।





मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

## “डढेलोबाट बचौं र बचाऔं ।”

सानो असावधानीले डढेलोबाट जंगलमात्र होईन,
आसपासका बस्तीसमेत उजाड हुन सक्छन्
त्यसैले,
सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं, गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग आगो निभाऔं,
जंगल र बस्तीका बीचमा अग्निरेखा निर्माण गरौं,
जंगलमा आगो लगाउने व्यक्तिका बारेमा प्रहरीलाई खबर गरौं,
आगो निभाउन जाँदा सुरक्षाका उपाय अवलम्बन गरौं,
जन, धन र वनको संरक्षण गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

त्रिनेत्र पोष्ट साप्ताहिकको लागि
प्रकाशक
मुनेश कुमार लायो मगर
सम्पादक :
गणेश बहादुर ठकुरी
सह-सम्पादक
गोबिन्द महतो
कानूनी सल्लाहकार :
विशाल चौधरी
सम्पर्क :
९८४५४९५२४१
राधेमाई-१३, वीरगंज, पर्सा
Email- treenetrapost@gmail.com

# सिनेमा पर्यटन : पर्यटक भित्र्याउने एक सशक्त माध्यम

'बागमती तिम्रो गौरव, तिम्रो वैभव,
कान्तिपुरी ।
हिजो पनि, आज पनि, भोलि पनि,
जिन्दगीको यात्रा यहाँ सधैंभरि ।'
'सपनाको खोजीमा पुग्छन् सबै यहाँ,
कोही पढ्नमा, कोही काम र डुल्नमा,
कोही व्यापार र अवसर खोज्नमा ।'
– कञ्चनपुरदेखि कञ्चनजङ्घा
कवितामय फन्को देशको ।

हालै यस पंक्तिकारको लेखनमा प्रकाशित कवितामय संग्रहमा सात प्रदेशकै कवितामध्ये बागमतीको कविताका केही पंक्ति स्मरण गर्दा बागमती सभ्यताको केन्द्रबिन्दु हिजोको कान्तिपुरीको वैभव र आजको काठमाडौंको पर्यटकीय आर्कषणबारे केही चर्चा यस लेखमा गरिएको छ ।

सन् २०२४ मा काठमाडौं सहरलाई युनेस्कोको 'क्रिएटिभ फिल्म सिटी' –फिल्मको रचनात्मक सहर) को मान्यता दिँदै काठमाडौं महानगरपालिकाका मेयर बालेन साहलाई युनेस्कोले प्रतिष्ठित अन्तर्राष्ट्रिय कान्स फिल्म फेस्टिभलमा आमन्त्रित गरी सहभागी हुने अवसर दिइएको थियो । युनेस्कोले मान्यता दिएको फ्रान्सको कान्स सहर पनि फिल्मको रचनात्मक सहरमा अग्रणी हो ।

परापूर्वकालदेखि काठमाडौंमा बनेका मठमन्दिर, चैत्य, दरबार र स्थानीय कलात्मक घर, बहाल, हितिले काठमाडौं उपत्यकालाई जीवन्त संग्रहालयको सहर बनाएको छ । यहाँ जीवन्त रूपमा मनाउँदै आइरहेका जात्रा, चाडपर्व, रहनसहन लगायतले प्रत्येक आगन्तुकलाई एक चुम्बकीय अनुभूति दिँदै आएको पाइन्छ ।

विगतमा भोट तिब्बतसँगको व्यापारमा पनि काठमाडौं उपत्यका नै मुख्य आकर्षणको केन्द्र थियो । विधिवत रूपमा सन् १९११ डिसेम्बर १८–२८ मा राजा जर्ज पाँचौं सहितको ब्रिटिस शाही परिवार टोली शाही शिकार खेलका लागि नेपाल भ्रमण गर्न आएपछि चर्चामा आएको यो हिमाली राज्य नेपाल, १९५३ मा सगरमाथाको पहिलो सफल आरोहणपछि नै विश्वमाझ पर्वतीय आर्कषक गन्तव्यका रूपमा चिनिँदै आएको पाइन्छ ।

काठमाडौंको प्राकृतिक एवम् सांस्कृतिक विविधताका कारण १९६०/७० देखि नै हिप्पी युगमा काठमाडौं युरोप र अमेरिकी युवामाझ अत्यन्त रोचक गन्तव्यका रूपमा परिचित थियो । त्योबेला अनेकौं अन्तर्राष्ट्रिय डकुमेन्ट्री नेपालमाथि बनेका छन् । जसमा काठमाडौं वरपरका सुन्दर प्रकृतिक सौन्दर्य देखाइएको छ । १९७१ भारतका प्रसिद्ध सिनेकर्मी देवानन्दको 'हरेराम हरेकृष्णा' नामक सिनेमा छायांकन भएपछि मात्र छिमेकी भारतको बलिउड सिनेमा उद्योगको काठमाडौंप्रतिको आकर्षण एकाएक हुन गएको देखिन्छ । उक्त सिनेमामा काठमाडौंको जीवन्त संस्कृति, सरल स्थानीयवासिन्दा र अनुपम प्रकृति एवम् ऐतिहासिक धरोहरहरूको छायांकन गरी नेपाललाई अतिआर्कषक रूपमा प्रस्तुत गरेको पाइन्छ ।

'सिनेमा पर्यटन' पनि विश्वव्यापी रूपमा एक स्थापित व्यवसायको माध्यम बनिसकेको छ ।

कालान्तरमा भारतीय चलचित्र उद्योगले नाम चलेका सिनेमाहरू 'महान', 'युद्ध', 'घरवाली बाहरवाली' लगायतमा त्यहाँका सुपरस्टार अमिताभ बच्चन, अनिल कपुर, ज्याकी श्रफ, गोविन्दा जस्ता बहुचर्चित कलाकारद्वारा अभिनित पनि छायांकन काठमाडौंमा भएको थियो । बहुचर्चित सिनेमा 'खुदागवाह' भारतीय सुपरस्टार अमिताभ बच्चन, श्रीदेवी, डेनीजस्ता कलाकारद्वारा अभिनित चलचित्र जोमसोम मुस्ताङमा छायांकन भएपछि मुस्ताङ निकै चर्चामा रहको थियो । त्यसपछि भारतीय पर्यटक त्यहाँ पुग्ने क्रम बढेको थियो ।

यसै क्रममा २०१५ मा भारतीय सुपरस्टार अक्षयकुमार, अनुपम खेर, डेनी लगायतको अभिनय रहेको 'बेबी' सिनेमा र २०२२ मा अमिताभ बच्चन, अनुपम खेर, डेनी अभिनित 'उँचाइ' ले काठमाडौं सहरलाई पुनः बलिउड सिनेमा उद्योगमा एक आकर्षक छायांकन गन्तव्यस्थलका रूपमा उभ्याएको पाइन्छ ।

'सिनेमा पर्यटन' पनि विश्वव्यापी रूपमा एक स्थापित व्यवसायको माध्यम बनिसकेको छ । आज हलिउडका सिनेमा निर्माताले अमेरिकाको लसएन्जलस, लास भेगास, न्युयोर्क, हवाईजस्ता सुन्दर सहरमा होस् वा युरोपको स्विट्जरल्यान्ड, नेदरल्यान्ड, पेरिस, रोम, भेनस, लन्डन सहरमा होस्, वा अस्ट्रेलियाका सिड्नी, मेलबर्न तथा न्युजिल्यान्ड जस्ता सहरमा आफ्नो सिनेमा छायांकन गर्दा त्यहाँको पर्यटन क्षेत्रलाई ठूलो सहयोग पुगेको पाइन्छ ।

छिमेकी भारतको बलिउड सिनेमा उद्योगले पनि विश्वमा दोस्रो सर्वाधिक संख्यामा सिनेमा बनाउने गर्छ । छायांकनका लागि महिनौं गन्तव्यमा सुटिङ हुने भएकाले यस्ता गतिविधिले स्थानीय होटल, रेस्टुरेन्ट, यातायात सेवा, प्राविधिक उपकरण लगायत सेवा लिँदा स्थानीय पर्यटन व्यवसायीलाई ठूलो आर्थिक लाभको व्यापार पनि हुने गर्छ ।

विश्वका विभिन्न गन्तव्यहरू आफ्नो देशमा सिनेमा पर्यटन विकास गर्न लागिपरेका छन् । यसमा भारतीय सिनेमा उद्योगका लागि आज पनि सिनेमा छायांकन गर्न स्विट्जरल्यान्डका विभिन्न स्थान नै प्रथम रोजाइमा पर्ने गरेको छ । त्यसका पछाडि त्यहाँको सरकारको विशेष योगदान रहेको पाइन्छ ।

उदाहरणका लागि हेर्न हो भने स्विट्रुजरल्यान्ड सरकारले दिवंगत भारतीय प्रसिद्ध निर्देशक यस चोपडालाई आफ्ना बहुचर्चित सिनेमाहरूको छायांकन स्विट्जरल्यान्डमा गरी भारतीय पर्यटकलाई स्विट्जरल्यान्डप्रति आकर्षित गराइदिए बापत 'स्विस गुडविल एम्बासडर' नै बनाएर सम्मान गरेको थियो । हाल, मरणोपरान्त उनको स्विट्जरल्यान्डमा प्रतिमा बनाइ, भारतीय पर्यटक त्यहाँ पुग्दा फोटो खिचाउने आर्कषक गन्तव्य बनेको छ । नेपालको वातानुकूलित मौसमले त पर्यटक र सिनेमाकर्मीलाई चिसो मौसमको प्रत्याभूति दिँदै मोहनी नै लगाउने गरेको पाइन्छ ।

सिनेमा पर्यटन प्रवर्द्धनका लागि स्विस सरकारले सिनेमा छायांकन गर्ने सम्पूर्ण उपकरण, चाहिने जनशक्ति लगायत व्यवस्थापन स्थानीय स्तरमा नै उपलब्ध गराइ, निर्माताहरूको आर्थिक बोझ घटाइ अनेकौं छुट सुविधा सहितको सहयोग र छायांकन गर्न पाउने खुला नीति तथा सिनेमा उद्योगलाई सहयोग गर्ने कार्यक्रम बनाएको पाइन्छ । यस्तै छायांकन गर्न पाउने खुला नीति तथा सिनेमा उद्योगलाई सहयोग गर्ने सुविधाका कार्यक्रमहरू माल्दिभ्स सरकार र दुबई सहरले पनि गरेर भारतीय सिनेमा निमार्तालाई आर्कषित गरेको पाइन्छ ।

हुन त नेपाल सरकारले पनि आगामी आर्थिक वर्ष २०८१/८२ का लागि पेस गरेको वार्षिक नीति तथा कार्यक्रममा समेत हलिउड र बलिउड फिल्मलाई नेपालमा छायांकन गर्न आकर्षित गरिने विषय समेटिएको छ । तर, बजेट कार्यक्रममा नयाँ कुनै ठोस कार्यक्रम राखेको देखिँदैन । यसैबीच, कान्स फिल्म फेस्टिभलमा सहभागी भई मेयर बालेनले पनि काठमाडौं महानगरलाई युनेस्को फिल्म सहर घोषित गरेकोमा अब फिल्म तथा संस्कृतिमार्फत नेपाललाई अन्तर्राष्ट्रिय मञ्चमा चिनाउनुपर्छ भन्ने अभिव्यक्ति दिएका छन् ।

विगत वर्षहरूमा अन्तर्राष्ट्रिय फिल्म निर्माता टोलीले पनि नेपालबारे अनेकौं फिल्म, डकुमेन्ट्री बनाउन नेपालका अनेकौं गन्तव्यमा छायांकन गरी नेपाललाई विश्वमाझ चिनाएको इतिहास हामीसँग छ । त्यस्ता केही सिनेमा, डकुमेन्ट्री जसले विशेष ख्याति कमाएका थिए, ती यसप्रकार छन् :

***१. लिटिल बुद्ध***

सन् १९९३ मा 'लिटिल बुद्ध' नामक डकुमेन्ट्री तथा फिल्ममा भगवान गौतम बुद्धको जीवनी दर्शाउँदा नेपालको संस्कृति रहनसहन आदि देखाइएको छ । विशेषगरी भक्तपुर वरपर छायांकन भएको नेपाललाई अन्तर्राष्ट्रिय जगतमा चिनाउन सफल भएको चलचित्र हो ।

***२. एभरेस्ट***

सन् १९९८ मा सगरमाथाबारे आईम्याक्स थिएटरले बनाएको डकुमेन्ट्रीले विश्वभरि सगरमाथा –एभरेस्ट) द्वारा नेपाललाई एक साहसिक गन्तव्यका रूपमा चिनाएको थियो, जसले नेपालआई सगरमाथा आरोहण गर्ने वा आधार शिविरसम्म पुग्ने पर्यटक संख्या बढेको थियो ।

***३. क्याराभान***

सन् १९९९ को 'क्याराभान' नेपालको सुन्दर डोल्पा जिल्लास्थित फोक्सुन्डो ताल वरपरको पदमार्ग र डोल्पाली जनजीवनबारे बनाइएको चलचित्र हो । हलिउड निर्माता एरिक भ्यालीले बनाएको क्याराभान उत्कृष्ट चलचित्र हो । यसले नेपाललाई विश्वमाझ चिनाउन ठूलो मद्दत गरेको छ, हलिउडको जर्मन एकेडेमी अवार्डमा प्रथम नेपाली फिल्मको नोमिनेसन भएको चलचित्र हो, जसले नेपाली पदयात्रा पर्यटनलाई डोल्पा जिल्लातिर विस्तार गर्न ठूलो मद्दत गर्दै याकहरूको क्याराभानको कथावस्तुमा सुन्दर फोक्सुन्डो ताल र त्यहाँको प्राकृतिक सम्पदा झल्काएको छ ।

***४. द वाइल्डेस्ट ड्रिम***

सन् २०१० को 'द वाइल्डेस्ट ड्रिम' प्रसिद्ध पर्वतारोही जर्म मेलोरीमाथि बनेको सिनेमा हो । मेलोरीको सन् १९२४ मा प्रथम सगरमाथा आरोहण गर्दा सफलतापूर्वक सम्पन्न नभई आरोहण क्रममा मृत्य भएको थियो भन्ने विषयवस्तुमा बनेको थियो । उनको सगरमाथा आरोहण क्रममा बनेको डकुमेन्ट्रीले नेपालको सुन्दर प्राकृतिक सम्पदाहरू चिनाउने राम्रो प्रयत्न गरेको पाइन्छ ।

***५. को-शेर्पा***

सन् २०१५ मा 'को-शेर्पा' नामक डकुमेन्ट्रीले पनि नेपालको सौन्दर्यपूर्ण सम्पदा र पर्वतारोहण क्षेत्रको सर्वोच्च शिखरमा फुर्वातासी शेर्पासहित अन्य सगरमाथा आरोही शेर्पा समुदायको खुम्बु क्षेत्रको अनुभवबारे अत्यन्त रोचक डकुमेन्ट्री बनाइ नेपाललाई विश्वमाझ चिनाउन मद्दत गरेको पाइन्छ ।

यस्ता अनेकौं अन्तर्राष्ट्रिय डकुमेन्ट्री र फिल्मले नेपालका आकर्षक गन्तव्यहरूको प्रस्तुति अन्तर्राष्ट्रिय जगतका पर्यटकमाझ गरेको पाइन्छ ।

नेपालको प्रमुख आकर्षणको केन्द्रबिन्दु सगरमाथापछि काठमाडौं ब्रान्डले आकर्षित गर्ने गरी प्रस्तुत भएको पाइन्छ । काठमाडौंको चुम्बकीय आकर्षण यहाँ रहेका तीन दरबार स्क्वायर परिसर, पशुपतिनाथ मन्दिर, स्वयम्भू र बौद्धनाथ स्तुपा तथा यहाँ रहेका अनेकौं मठमन्दिरसँगै उपत्यका वरपरका प्राकृतिक डाँडा, ६ ऋतुसँगै बेजोड मौसम र उपत्यकाभित्रको जीवन्त नेवारी संस्कृतिले नै बागमती सम्पदाका प्रमुख धरोहर हुन् ।

मल्ल, राणा र शाहकालीन दरबारले दिएको पृष्ठभूमिको वैभवतासँगै १ सय २५ जातजातिका विभिन्न सांस्कृतिक जात्रापर्वले बाह्रैमास उत्सव र हर्षोल्लासपूर्ण माहोलले नै प्रत्येक बहाल, चोक रंगमञ्चको प्रत्याभूति दिँदै, यहाँका स्थानीयवासिन्दाको मौलिक वेषभूषा, खानपिन आदि विभिन्न कुराले यहाँका गन्तव्य सदैव सिनेमा छायांकन गर्न तयार रहेको जस्तो देखिन्छ ।

सिनेमाका माध्यमबाट नेपालमा पर्यटक भित्र्याउन सक्ने ठूलो सम्भावना छ ।

यहाँको वातानुकूलित मौसमले त पर्यटक र सिनेमाकर्मीलाई चिसो मौसमको प्रत्याभूति दिँदै मोहनी नै लगाउने गरेको पाइन्छ । अलिकति गर्मी हुनासाथ उपत्यकामा पानी परिहाल्छ र बाह्रैमास बेजोड मौसमको विशेषता नै यसको प्रमुख मौलिकता हो । यस सांस्कृतिक धरोहरको उपत्यकालाई अझ आकर्षक बनाइ सिनेमा पर्यटन अवधारणामा कार्य गरी नेपाललाई दक्षिणपूर्वी एसियाको स्विट्जरल्यान्ड बनाउन सकिने देखिन्छ ।

***नीतिगत रूपमा गर्नुपर्ने कार्य***

१. नेपाललाई सिनेमा पर्यटनको गन्तव्य बनाउँदा, हाम्रा तीनै तहका सरकारले ठूला बजेटमा बन्ने सिनेमाहरूको नेपालमा छायांककन गर्न लाग्ने कर, चाहिने प्राविधिक उपकरण एवम् अन्य सामग्रीमा भन्सार, परमिट शुल्क लगायतमा छुट दिँदै स्थानीय स्तरबाटै सहयोग गरी उनीहरूको टोलीको नेपाल आउनेजाने हवाई टिकट र यहाँका स्थानीय स्तरमा चाहिने समन्वय व्यवस्थापन, राम्रा होटलमा खाने र बस्ने व्यवस्था आदिमा ३० देखि ५० प्रतिशत साझेदारी सहयोग गर्ने हो भने ठूला भारतीय एवम् अन्तर्राष्ट्रिय फिल्म छायांकन काठमाडौं, पोखरा, खुम्बु क्षेत्र लगायत अनेकौं गन्तव्यमा तत्काल सिनेमा छायांकन हुन सक्छ । र, त्यस्ता सिनेमाका माध्यमबाट नेपालमा पर्यटक भित्र्याउन सक्ने ठूलो सम्भावना छ ।

२. नेपाल सरकारले सिनेमा पर्यटन विकास गर्न अन्तर्राष्ट्रिय स्तरमा सिनेमाहरू नेपालमा छायांकन गर्ने नीतिगत सुविधा र कार्यक्रम घोषणा सहित विभिन्न अन्तर्राष्ट्रिय फिल्मी मञ्चका कार्यक्रमहरूमा नेपालका गन्तव्यहरूको आकर्षक प्रस्ताव दिनुपर्छ ।

बाँकी ५ पृष्ठमा

# युवाकै कारण बर्बादीमा देश

इतिहासलाई अध्ययन गर्ने हो भने हरेक राजनीतिक आन्दोलनमा युवाहरूको योगदान अतुलनीय र महत्वपूर्ण देखिन्छ । १९९६ सालको राणाविरोधी आन्दोलन, २०३६ र २०४६ सालको जनआन्दोलन, २०५२ सालमा सुरु भएको माओवादी युद्ध, मधेश आन्दोलन र पछिल्लो २०६२–६३ सालको जनआन्दोलनमा हजारौं शहीद, घाइते, अपाङ्ग र बेपत्ता, लाखौं विस्थापित हुनपुगे । यी आन्दोलनमा युवाहरूको योगदान अतुलनीय थियो ।

मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रमा पुऱ्याउन मुख्यतः राजनैतिक दलहरू र विशेषगरी दलभित्रका युवाहरूको त्याग, बलिदान र समर्पण मुख्य छ । अझ भनौं युवा त्याग र बलिदानको उपज नै संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल हो ।

नेपालको संविधान २०७२ मार्फत नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रूपमा परिभाषित गरियो । त्यस पश्चात् राजनैतिक वृत्तमा एक भाष्य निर्माण गरियो ।

मुलुकमा राजनैतिक आन्दोलन सफल भएको र अबको राजनैतिक कार्यदिशा विकास र समृद्धिमा केन्द्रित हुने रटान सबै दलहरूले आ-आफ्ना राजनैतिक घोषणापत्र मार्फत प्रस्तुत गरे । नागरिक समाज, बुद्धिजीवी र प्रबुद्ध वर्गले पनि यस कुराको खुलेरै समर्थन गरे ।

नागरिकमा पनि सकारात्कता देखिन्थ्यो, विशेषगरी युवा वर्गमा। लामो समयसम्म राजनैतिक आन्दोलन र प्रदर्शनका कारण सुस्ताएको विकास र अर्थतन्त्र बौरिने आश थियो ।तर चीनको वुहानबाट सुरु भएर विश्वका १८८ देशमा फैलिएको कोभिड-१९ महामारीको कारण मुलुकले नयाँ आर्थिक र सामाजिक संकटको सामना गर्नुपऱ्यो । यसको बहुआयामिक असरले नछोएको कुनै क्षेत्र रहेनरु।

विश्व स्वास्थ्य संगठन –डब्लूएचओ) को तथ्याङ्क अनुसार महामारीले नेपालमा मात्र १२ हजारभन्दा बढीको ज्यान लियो ।

यसैगरी अन्तर्राष्ट्रिय श्रम संगठन –आईएलओ) को 'कोभिड-१९ ले नेपालको श्रमबजारमा पारेको प्रभाव' विषयक अध्ययन प्रतिवेदनले कोरोना महामारी तथा बन्दाबन्दीका कारण नेपालमा ३७ लाखको रोजगारी गुमेको तथ्य प्रकाशित गरेको छ ।

अर्कोतर्फ राष्ट्रिय योजना आयोगको अगुवाइमा सङ्कलन गरेको तथ्याङ्क अनुसार २०७२ सालको भूकम्पको कारण ८ हजार ८९१ जनाभन्दा बढीको ज्यान गुमेको, २२ हजार ३०० भन्दा बढी घाइते र ३५ लाख मानिस घरबारविहीन भएका थिए र लाखौंको रोजगारी गुमेको थियो । सो भूकम्पका कारण हजारौं पहिरोहरू पनि गएका छन् जसले समुदाय र महत्वपूर्ण पूर्वाधारहरूमा पनि ठूलो क्षति पुऱ्याएको छ ।

यी दुई घटनाका कारण मुलुकको अर्थतन्त्र गम्भीर समस्यामा पऱ्यो । धेरै कलकारखाना, उद्योग, व्यापार बन्द हुनपुगे । लाखौंको रोजगारी पनि गुम्यो । नागरिकमा चरम निराश बढ्दै गयो ।

मुलुकले करिब दर्जन जति ठूला राजनैतिक आन्दोलन भोगिसकेको छ । हजारौंको मृत्यु, कैयौं बेपत्ता, हजारौं घाइते, कैयौं परिवार विस्थापित छन् । राजनीतिक आन्दोलनले चरण-चरणमा थला परेको मुलुक बितेको दश वर्षमा कोरोना महामारी र भूकम्पको ठूलो चोटले झनै प्रताडित बन्यो ।

विभिन्न अध्ययन र शोधपत्रहरूले विभिन्न मुलुकमा राजनीतिक पद्धति परिवर्तन पश्चात् देश राजनीतिक स्थिरतातर्फ उन्मुख भएको निचोड प्रस्तुत गरेका छन् । इतिहासको कुनै कालखण्डमा प्राकृतिक विपत्ति वा ठूलो द्वन्द्व भोगेका मुलुकहरू अर्को कालखण्डमा तीव्र आर्थिक विकास र समृद्धि गर्न सफल भएका धेरै उदाहरण उल्लेख गरेका छन् ।

प्रत्येक घटना/दुर्घटनाको पछाडि सिकाइ र अवसरहरू हुन्छन् । तर हाम्रो मुलुकले इतिहासमा जुनै संकट भोगे पनि त्यसको सम्भावनाको कुनै अवसर लिन सकेन । यसको पछाडि विभिन्न कारण छन् । मुख्यतः अहिलेको युवा पुस्ता प्रमुख कारण हो ।

हिजो, राजनैतिक आन्दोलनमा त्याग र बलिदानका लागि युवा पुस्ताबीच हानथाप देखिन्थ्यो । व्यक्तिगत र पारिवारिक जीवन त्यागेर आन्दोलनको अग्रदस्तामा युवाहरूको ठूलो संख्या थियो ।

युवामा भोक र शोकको कुनै पर्वाह थिएन । फलस्वरूप विभिन्न

बाँकी ५ पृष्ठमा

## मनोरंजन समाचार

# "इनोसेन्ट" स्वभाव र कर्णप्रिय स्वरका संगम करण परियार

***काठमाडौं ।*** चार महिनाअघि गायन रियालिटी शो नेपाल आइडल सिजन ५ का लागि देशव्यापी अडिसन भइरहेको थियो । सातै प्रदेशका प्रमुख सहरमा अडिसन सकिएर संघीय राजधानीमा अडिसन हुँदैथ्यो ।

यस्तोमा एक २०-२२ वर्षीय युवक जजहरु न्हूयू बज्राचार्य, इन्दिरा जोशी र कालीप्रसाद बाँस्कोटा सामुन्ने अडिसन दिन उपस्थित भए ।

सामान्य कपडा, गोडामा चप्पल, हातमा पञ्जा लगाएका दुब्लो पातलो कदका ती युवकले गाए- शिव परियारको स्वरमा रहेको फिल्म 'ब्याच नम्बर १६' को गीत 'संगी' । उनको गायकी यस्तो थियो कि जजहरु नै मन्त्रमुग्ध बने । स्पष्ट र सुरिलो आवाज, खोट लगाउने कतै ठाउँ थिएन । उनी थिए बर्दियाको बारबर्दिया नगरपालिकाका करण परियार ।



गीत सकिएपछि जज न्हूयूले सोधे- 'तिमी संगीत सिक्ने बाहेक के गर्छौ ?'

उनले भने- 'काम गर्छु, कार्पेट फर्निसिङमा डेलिभरी ब्वाइको ।'

न्हूयूले फेरि भने- 'तिमी गिफ्टेड मान्छे हौ । यदि भगवान छन् भने तिमीलाई भगवानले नै संगीत हालेर पठाइदिएको हो ।'

जज इन्दिराले थपिन्- 'रेडिमेड जस्तो टक्क मिलेको आवाज ।'

न्हूयूले फेरि सोधे- 'यस्तो राम्रो आवाज भएको मान्छेलाई कसैले गीत रेकर्डिङ गर्न बोलाएन ?'

करणले भने- 'नाइँ' ।

उनको निर्दोषपन यस्त थियो कि जजहरुले भनेको कुराको सिधा र सरल जवाफ दिन्थे ।

न्हूयूले 'अब तिमीलाई सुनेपछि धेरैले गीत रेकर्डिङको अफर गर्नेछन्' भने ।

उनको गायकी सुनेर जजहरुले एकपछि अर्को गीत सुनाउन लगाए । उनले निर्धक्क अन्य गीतहरु पनि गाएर सुनाए । जजहरुले सेलेक्ट भएको कार्ड दिन आफूहरुतिर उनलाई बोलाए । जज इन्दिराले भनिन्- अहिलेसम्म कहाँ लुकेर बसेका थियौ मेरो राजा ।'

अर्का जज कालीप्रसादले भने- 'कार्ड दिनुअघि म तिमीलाई अँगालो हाल्छु ।'

तर उनले कार्ड मात्र होइन, गोल्डेन माइक नै पो पाए । गोल्डेन माइक पाउने प्रतिस्पर्धी सिधै अर्को राउन्डमा पुग्न पाउँथे ।

करणले अडिसनमा गाएको भिडियो प्रसारण भएसँगै यो सामाजिक सञ्जालमा भाइरल भयो । गायक शिव परियारले 'करण भाइलाई देख्दा मेरै संघर्षको बेलाको याद आयो' भन्दै सामाजिक सञ्जालमा पोस्ट गरे । अन्य थुप्रै कलाकार र संगीतप्रेमीहरु करणको प्रशंसा गर्दै भिडियो सेयर गरे ।

यसरी बर्दियाको एक 'इनोसेन्ट' युवक नेपाल आइडलमा आएसँगै रातारात चर्चित बने । धेरैले त्यतिबेलै भने- 'नेपाल आइडल यिनैले जित्छन् होला ।'

नभन्दै शनिबार सम्पन्न नेपाल आइडल सिजन ५ को ग्रान्ड फिनालेमा अरु तीन जना फाइनलिस्ट सचिन विश्वकर्मा, मोहित भुजेल र सलोमी गुरुङलाई दर्शकको भोटको आधारमा पछि पार्दै उनी विजेता चुनिए । विजेता घोषित भएसँगै उनलाई बधाई दिनेहरुको लर्को छ ।

यस सिजनमा सलोमी फर्स्ट रनरअप, सचिन सेकेन्ड रनरअप र मोहित थर्ड रनरअप भए ।

***संगीतले काठमाडौंसम्म डोऱ्यायो***

करण सानैदेखि संगीतमा लगाव राख्थे । घरमा, गाउँमा, स्कुलमा गाउँथे । उनलाई पठाएकी स्कुलकी शिक्षिका सुनाउँछिन्, 'हामीले कार्यक्रम सुरु गरेर करणलाई माइक दिएपछि विद्यार्थीहरुलाई बोलाइरहनै पर्दैनथ्यो ।'

यसले उनमा संगीतको तिर्खा, लगाव र मेहनत सानैदेखि थियो भन्ने देखाउँछ । सानैदेखि गायक बन्ने बाहेक अरु सपना नै उनले देखेनन् । 'ममी-बाबाले मलाई सुनाउनुहुन्थ्यो, म सानैदेखि गाउँथे रे । बुझ्ने भएदेखि सिंगर बन्ने बाहेक अरु सोचेकै थिइनँ ।'

गाउँमा गीत त गाउँथे तर संगीतको कखरा सिक्ने ठाउँ नै कहाँ थियो र ? त्यसपछि हो उनी काठमाडौं आएको । काठमाडौं आएपछि उनको संघर्ष कम्ता मर्मस्पर्शी छैन ।

'सुरुमा काठमाडौं आएपछि म्युजिक सिक्नलाई पैसा थिएन । कतैबाट एक हजार रुपैयाँ म्यानेज गरेर, सरसँग रिक्वेस्ट गरेर सिक्न थालें ।'

उनी निराश भएनन् गाउँबाट जे सोच बोकेर आएका थिए, त्यो पूरा हुने बाटोतिरै थियो ।

काठमाडौं गएपछि गिटार किन्ने उनले सोचेका थिए । तर उनीसँग पैसा थिएन ।

कार्पेट डेलिभरी ब्वाइको काम गरेर महिना-महिना गरेर केही पैसा जोगाएका थिए उनले । अनि दुई हजार जति जम्मा भएपछि केही पैसा जोरजाम गरेर थपेर गिटार किने ।

काठमाडौं आउँदा उनको कोही थिएन । काम पाउन पनि गाह्रो थियो । त्यसबेला उनलाई भरथेग, साथ-सहयोग दिने साथी थिए रोहित । करणसँग केही समय त बुवा पनि बसे । त्यसबेला केही समस्या भएन । जब बुवा गाउँ फर्किए, करणलाई खाने, बस्ने समस्या भयो । त्यसबेला रोहितले आफ्नै घरमा लगेर उनलाई राखे । तीन दिन उनी रोहितको घरमा गएर बसे । आफ्नो साथीको प्रशंसामा करण भन्छन्, 'साथी होस् त यस्तो ।'

करणाको सांगीतिक आइडल हुन् शिव परियार । उनले नेपाल आइडलमा शिवका केही गीत गाए । अनि शिवसँगै 'संगी' गाउने अवसर पनि पाए । त्यसबेला उनले भनेका थिए- 'मेरो सपना पूरा भयो ।'

***नेपाल आइडलमा उम्दा प्रस्तुति***

नेपाल आइडलमा सिजन ५ मा करणले एकपछि अर्को उम्दा प्रस्तुति दिए । उनले कहिले 'संगी' गाए त कहिले 'फूलको थुंगा हौ कि' । अनि कहिले 'के लत बस्यो' जस्तो गजल त कहिले नारायण गोपालको कालजयी गीत 'अल्झेछ क्यारे पछ्यौरी ।'

सबै खालका गीतमा उनले जबर्जस्त प्रस्तुति दिँदै जज र संगीतप्रेमी श्रोताको मन जिते । नेपाल आइडलमा आउने धेरै अतिथिहरुले भन्थे- 'वाह, कस्तो मीठो गाएको । तपाई धेरै माथि पुग्नुहुन्छ करण ।'

करणले चार महिनाको नेपाल आइडलको अवधिमा आफूलाई थप निखारेका छन् । निकै सिधा-सरल करणलाई यस्तै रुपमा रहिरहन उनलाई जज कालीप्रसाद आशीर्वाद मिश्रित आग्रह गरिरहन्छन् । भन्छन्, 'सांगीतिक आकाशमा उचाइको उडान भर्नु, धेरै नमात्तिनु, नआत्तिनु । खराब मान्छेको संगत पर्नबाट जोगिनु ।'

करणले नेपाल आइडलको उपाधि त जिते । तर सांगीतिक आकाशमा सफलताको उडान भर्न आफ्नै गीतको दरिलो साथ चाहिन्छ, ती गीत श्रोता-दर्शकले रुचाउनुपर्छ । करणको संगीत यात्राले बाटो पहिल्याउन थालिसकेको पनि छ ।

हालै उनले नेपाल आइडलका जज तथा संगीतकार न्हूयू बज्राचार्यको संगीतमा एक गीत रेकर्ड समेत गरिसकेका छन् । अनि करणको 'युनिक' आवाजमा गीत रेकर्ड गराउन चाहने संगीतकारहरु पनि धेरै होलान् ।

गायक शिव परियार करणको

बाँकी ६ पृष्ठमा

## स्वास्थ्य रहने उपाय

# ६ संकेत, जसले बताउँछन् शरीरमा अक्सिजन पुगेको छैन

सामान्यतया औंलामा नाप्ने पल्स अक्सिमिटरले नाप्दा सामान्य मान्छेको शरीरमा अक्सिजनको लेबल ९५ प्रतिशतभन्दा बढी हुनुपर्छ । फोक्सोसम्बन्धी समस्या वा अन्य दीर्घकालीन रोग भएको मानिसमा अक्सिजन स्याच्युरेसन ८८ प्रतिशत भन्दा बढी हुनुपर्छ । मानिसको अक्सिजन लेबल ७५ प्रतिशत भन्दा मुनि भएमा बिरामी बेहोस हुने, बर्बराउने हुनसक्छ ।

शरीरमा अक्सिजनको लेबल विभिन्न कारणले हुनसक्छ । यसमा दम र छातीमा निमोनियाको कारण पनि एक हो । यसले फोक्सो बिगार्छ, जसकारण अक्सिजनको कमी हुन्छ । त्यस्तै उच्च उचाइमा जाँदा, सगरमाथा चढ्दा, कहिलेकाहीं गुम्म कोठामा आगो बालेर बस्दा पनि शरीरमा अक्सिजनको कमी हुनसक्छ । रगतमा हेमोग्लोबिनको कमी हुँदा पनि अक्सिजनको कमी हुनसक्छ ।

***शरीरमा अक्सिजनको मात्रा घट्दै गएको कसरी थाहा पाउने ?***

**सास फेर्न गाह्रो हुनु**

अक्सिजनको कमी भएमा कतिपयलाई सास फेर्न गाह्रो हुन थाल्छ । निस्सासिएको महसुस हुन्छ । शरीरमा रगतको प्रवाह सुस्त हुन्छ, जसले गर्दा बेचैनी र घबराहट बढ्छ । यसले शरीरमा चिटचिट पसिना आउने, चिडचिडा हुने गर्छ । यस्तो अवस्थामा शरीरमा अक्सिजनको कमी भएको थाहा पाउन सकिन्छ ।

**छाती दुख्नु**

छाती दुख्नु पनि शरीरमा अक्सिजनको कमीको संकेत हो । फोक्सोमा अक्सिजनको मात्रा कम हुँदा छाती दुख्ने समस्या हुन्छ । मस्तिष्कमा अक्सिजनको मात्रा कम र कार्बनडाइअक्साइडको मात्रा बढी भयो भने त्यसको असर फोक्सोमा पर्न जान्छ । यही कारण झुम्म हुने, बेहोस हुने हुन्छ ।

**मुटुको धड्कन बढ्नु**

एक्कासि मुटुको धड्कन बढेको छ भने शरीरमा अक्सिजन कमी भएको हुनसक्छ । किनभने शरीरमा अक्सिजन कमी भएपनि मुटुमा पनि स्वतः अक्सिजन कमी हुने हुन्छ । यसले रक्तसञ्चारमा समस्या हुन्छ । त्यसले राम्रोसँग काम गर्न असमर्थ हुन्छ । यस्तो अवस्थामा मुटुको धड्कन असामान्य रूपमा बढ्छ ।



**हातखुट्टा निलो हुनु**

विना कारण हातखुट्टा निलो भएको छ भने शरीरमा अक्सिजनको कमी भएको हुनसक्छ । किनभने शरीरमा अक्सिजनको मात्रा कम हुनु भनेको कार्बनडाइअक्साइको मात्रा बढ्नु हो । यस्तो अवस्थामा अनुहार, ओठ निलो भएर जान्छ ।

**बारम्बार हाइ आउनु**

कहिलेकाहीं राम्रोसँग निद्रा लागे पनि वा अल्छी महसुस नभए पनि बारम्बार हाइ आउने गर्छ । यस्तो अवस्थामा हाइ शरीरमा अक्सिजनको कमी भएको हुनसक्छ । किनभने मष्तिस्कमा अक्सिजनको कमी हुँदा हाइ आउँछ । हाइले अक्सिजनको आपूर्ति गराएर शरीरमा ऊर्जा बढाउन मद्दत गर्छ ।

**निद्रा लाग्नु**

रातभरि मज्जाले सुते पनि दिउँसो निद्रा लाग्ने गर्छ भने त्यो पनि शरीरमा अक्सिनजको कमी हुने संकेत हुनसक्छ । किनभने मस्तिष्कमा अक्सिजनको मात्रा कम हुँदा पूरा निद्रा सुते पनि निद्रा लाग्ने वा झुम्म भइराख्ने, कमजोरी महसुस हुने हुन्छ ।

यसबाहेक टाउको दुख्ने, दृष्टिमा समस्या, रिंगटा लाग्ने, हातखुट्टा सुन्निने र बेहोस भएर ढल्ने जस्ता समस्या देखिन्छ । त्यस्तै लामो समय शरीरमा अक्सिजनको मात्रा कमी भएका व्यक्तिको मृत्यु समेत हुनसक्छ । साभार अनलाइनखबर डटकम

# चिनीले क्यान्सर हुन्छ ?

***चिनीले क्यान्सर हुन्छ ?***

***काठमाडौं ।*** चिनी धेरै खाएर क्यान्सर हुन्छ भन्ने खबर अहिले सामाजिक सञ्जालमा सुनिंदै आएको छ । विज्ञहरुले त खानामा जतिसक्दो चिनी नमिसाउन समेत सुझाव दिन्छन् ।

के वास्तवमै चिनीले क्यान्सर गराउँछ ? र, चिनीले क्यान्सरको कोष बढाउन मद्दत गर्छ त ?

पहिला चिनीबारे बुझौं ।



पोषणाविद् प्रतिमा सेनका अनुसार चिनी विभिन्न किसिमका हुन्छन् । चिनीका प्रकारमा ग्लुकोज, ल्याक्टोज, सुक्रोज र फ्रक्टोज पर्छन् ।

डा. सेन भन्छिन्, 'फलफूलमा ग्लुकोज र फ्रक्टोज बढी पाइन्छ । दूध, पनीर जस्ता डेरी उत्पादनमा ल्याक्टोज पाइन्छ । मह र फलहरूमा ग्लुकोज पाइन्छ र त्यो हानिकारक हुँदैन । तर प्रशोधित चिनी अर्थात् सुक्रोज हालिने खानेकुरा बढी खाँदा शरीरलाई हानि पुग्छ ।'

प्रतिमा केसी, पोषणविद्

**चिनी र क्यान्सर**

चिनीले मोटोपन बढाउँछ । र, मोटोपन मधुमेह जोखिम कारण हो । यसमा कुनै शंका छैन । किनकि चिनीको मात्रा शरीरमा बढ्दै गयो भने अनावश्यक बोसोको रुपमा शरीरमै रहन्छ । र, मोटोपन ल्याउँछ ।

तर यसले क्यान्सर गराउँछ वा कसरी क्यान्सर गराउँछ भन्ने सन्दर्भमा स्पष्ट निचोड विज्ञानले निकाल्न सकेको छैन ।

***के भन्छ अध्ययन ?***

गत वर्ष फ्रान्सका वैज्ञानिकहरूले गरेको एक अध्ययनले चिनीका कारण क्यान्सरको खतरा बढेको पाइएको बताएका छन् । अध्ययनका अनुसार हरेक दिन थप १०० मिलिलिटर त्यस्ता चिनीजन्य पदार्थ पिउने हो भने क्यान्सरको खतरा १८ प्रतिशतले बढ्छ ।

यो खबरले जनमानसमा तरंग नै उत्पन्न भएको थियो । सो अध्ययनमा मुसाको प्रयोग गरिएको थियो । तर मानिसमा परीक्षण भने भएको थिएन । यसको लागि थप अध्ययन गर्न बाँकी रहेको उनीहरुको तर्क छ । यस्तै केही अध्धयनले पनि कुनै स्पष्ट रुपमा पुष्टि भएको बताउन सकेका छैनन् ।

केही विज्ञको भने क्यान्सरँग चिनीको प्रत्यक्ष सम्बन्ध रहेको प्रमाण नमिले पनि मोटोपनाले क्यान्सर गराउन सक्ने मत राख्छन् । शरीरमा हुने प्रत्येक कोष ब्लड सुगर (ग्लुकोज) को लागि प्रयोग हुन्छ । ग्लुकोजले नै शरीरमा ऊर्जा ल्याउँछ ।

तर क्यान्सर कोषिकाहरु सामान्य कोषिकाको तुलनामा लगभग २०० गुणा बढी ऊर्जाको उपयोग गर्छ । टयुमर पातलो, फराकिलो हुँदै बढ्छ, जसलाई बढाउन फोक्सोलाई बढी भन्दा बढी ग्लुकोजको आवश्यकता पर्छ । यसले के देखाउँछ भने ग्लुकोज क्यान्सर कोष बन्न पनि मद्दत गर्छ ।

अमेरिकन क्यान्सर सोसाइटी एण्ड नेसनल क्यान्सर इन्टिच्युटले पनि चिनीले क्यान्सर गराउँछ भन्ने बताएको छैन ।

बोसोमा हुने कोषिकाले

बाँकी ६ पृष्ठमा

## आर्थिक समाचार

# समस्याग्रस्त सहकारी व्यवस्थापन गर्न ‘विशेष व्यवस्थापन समूह’ चाहिन्छ

नियतवश ऋण नतिर्ने ऋणीलाई कडाई गर्न ‘क्रेडिट स्कोरिङ’ विकास गर्न लागिएको छ। नेपालको बैंकिङ क्षेत्रमा पछिल्लो पटक कर्जा नतिर्दा पनि हुन्छ भन्ने मानसिकता विकास भएको देखिन्छ।

हाम्रोमा क्रेडिट स्कोरिङ व्यवस्था नहुँदा कर्जा तिर्नुपर्दैन जे गर्दा पनि हुन्छ भन्ने मानसिकता विकास भएको छ। क्रेडिट स्कोरिङ स्कोर कमजोर हुँदा भोलि जरिवाना हुन्छ भन्ने व्यवस्था छैन। सोही कारण नेपाल राष्ट्र बैंकले यो वर्ष क्रेडिट स्कोरिङ विकास गर्न एग्रेसिभ रूपमा लागेका छौं।

निष्क्रिय कर्जा बढ्नुको तेस्रो कारण प्रभावकारी मनिटरिङ रहेको छ। राष्ट्र बैंकले सम्पत्ति वर्गीकरण नीति परिमार्जन गरेको, सुपरभाइजरी इन्फर्मेसन सिस्टम मार्फत क्लोज मनिटरिङ गरेको जस्ता कारण वास्तविक तथ्यांक बाहिर ल्याएको छ। लुकेको तथ्यांक लुक्न दिएको भए अहिलेको अवस्था देखिन्थेन। लुकेको तथ्यांक बाहिर ल्याउँदा निष्क्रिय कर्जा बढेको देखिएको छ।

कोभिड र सप्लाईमा अवरोध विश्वको सबै अर्थतन्त्रले सामना गर्दा पनि देश अनुसार किन अर्थतन्त्रमा फरक प्रभाव पर्‍यो भनेर हेर्न त्यहाँको दोस्रो तहको नियामक चाहिन्छ। समस्याग्रस्त सहकारीको व्यवस्थापनका लागि विशेष व्यवस्थापन टिम बनाउनुपर्छ। उक्त टिम बनेपछि बचतकर्ता विभाग र मन्त्रालयमा आउँदैनन् र त्यसको सबै व्यवस्थापन त्यही टिमले हेर्ने गरी अगाडि जानुपर्छ। अरू सहकारीका लागि विशिष्टिकृत संस्था स्थापना गरेर प्रभावकारी नियमन गर्नुपर्ने उनले बताए।

***सम्पत्ति व्यवस्थापन कम्पनी तत्काल आवश्यक छैन, कानुनी मस्यौदा हुँदै***

गभर्नर अधिकारीले नेपालमा सम्पत्ति व्यवस्थापन –एसेट




राष्ट्र बैंकले चालु आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिमा क्रेडिट स्कोरिङ सुरु गर्ने घोषणा गरेको थियो। मौद्रिक नीतिको घोषणा अनुसार राष्ट्र बैंकले ऋणीको विवरण राख्दै आएको कर्जा सूचना केन्द्रलाई नै क्रेडिट स्कोरिङ राख्ने जिम्मा दिएको छ। सोही अनुसार कर्जा सूचना केन्द्रले क्रेडिट स्कोरिङ कार्य सुरु गरिसकेको छ।

बैंकहरूमा जोखिमयुक्त सम्पत्ति बढ्नुमा तीन कारण छ। समग्र अर्थतन्त्रमा देखिएको शिथिलताले कर्जा रिकभरीमा समस्या एउटा कारण हो। निश्चित क्षेत्रको कमजोर मनोबल साथै समग्र मागमा कमी आउँदा अर्थतन्त्रमा शिथिलता बढेको छ। जसले कर्जा रिकभरीमा समस्या भएको छ।

तर, नियतवश कर्जा नतिर्ने र कर्जा नतिर्दा पनि हुन्छ भन्ने मानसिकता विकास हुँदा रिकभरी चुनौतीपूर्ण बनेको छ। जसका लागि राष्ट्र बैंकले प्रभावकारी क्रेडिट स्कोरिङ विकास गर्न लागेको हो।

त्यस्तै कर्जाको गुणस्तर खस्किँदै गएर निष्क्रिय कर्जा बढ्दै जाने तर लक्ष्य अनुसार कर्जा विस्तार नहुँदा त्यसले पनि समग्र लोन पोर्टफोलियो कम बढेको तर निष्क्रिय कर्जामाथि बढ्दै जाँदा कुल कर्जामा निष्क्रिय कर्जा अनुपात छोटो अवधिमा उच्च देखिएको छ।

सहुलियतपूर्ण कर्जामा सरकारले दिएको ब्याज अनुदान दुरुपयोगको मात्रै चर्चा भएको र दुरुपयोग गर्नेलाई जरिवाना गरेर सरकारको खातामा जम्मा भएको तथा उक्त कर्जामा बैंकहरूले लगानी गरेको शतप्रतिशत ऋण जोखिममा गएको कसैले हेरेको छैन। राष्ट्र बैंकले सहुलियतपूर्ण कर्जा दुरुपयोग गर्ने र ऋण दिने बैंकलाई कारबाही गरिरहेको छ। राष्ट्र बैंकले गरेको अध्ययनमा साढे ७ प्रतिशत सहुलियतपूर्ण कर्जा सदुपयोग नभएको देखिएको छ।

राजनीति स्थायित्व हेर्नुपर्छ। कोभिड सबैलाई लाग्यो। सप्लाईमा अवरोध सबैलाई भयो। भियतनामले ऋणात्मक मुद्रास्फीति र चीनमा १ प्रतिशतभन्दा कम मुद्रास्फीति छ। अर्जेन्टिनामा लगातार दुई वर्ष उच्च मुद्रास्फीति किन भयो? श्रीलंका र पाकिस्तानमा किन समस्या भयो? कतिपयको नेगेटिभ र केही देशको उच्च मुद्रास्फीति हुनुपर्नेमा सबैलाई प्रभाव परेको छ। भारतमा मुद्रास्फीति लक्षित सीमाभित्रै रहेर पनि उच्च आर्थिक वृद्धि भइरहेको छ। त्यसको कारण हेर्दा सबैभन्दा महत्वपूर्ण राजनीतिक स्थायित्व नै देखिन्छ।

***धेरैवटा ऋण लिने लघुवित्त ऋणीलाई पनि बैंकिङ कसुर***

धेरै संस्थाबाट ऋण लिने लघुवित्तको ऋाणीलाई पनि बैंकिङ कसुर लगाउने गरी कारबाही अगाडि बढेको छ। एकभन्दा बढी लघुवित्तबाट ऋण लिएकालाई कडा निगरानी र कारबाही गरिरहेका छौं। एउटै व्यक्तिले २३ वटा संस्थाबाट पनि कर्जा लिएको देखियो, यसरी ऋण दिनेलाई मात्रै होइन लिनेलाई पनि बैंकिङ कसुरमा कारबाही गर्ने गरेका छौं। धेरै संस्थाबाट ऋण लिनेलाई कारबाही गर्ने र लघुवित्त ऋणीको संख्या घटाउँदै छौं। लघुवित्तको डुब्लिकेसन हटाउँदा ऋणीको संख्या २२/२३ लाखमा आउने आकलन छ।

***समस्याग्रस्त सहकारी व्यवस्थापन गर्न विशेष टिम चाहिन्छ***

आर्थिक शिथिलतामा सहकारीको ठूलो भूमिका छ। अर्थतन्त्रमा सहकरीले धेरै ठूलो भूमिका खेलेको र तल्लो तहको आर्थिक कारोबारमा सहकारीको भूमिका ठूलो रहेको छ। राज्यले संविधानमा तीन खम्बे अर्थनीतिको एउटा खम्बा भनेको र त्यसले सर्वसाधारणको सहकारीप्रति विश्वास बढेको हो।

सहकारीमा सर्वसाधारणको विश्वास भयो, तर नियमन भएन। स्वनियमन भनेर केही सहकारी बैंक जसरी अगाडि बढे। सहकारी सुपरीवेक्षणका लागि विशिष्टिकृत

म्यानेजमेन्ट) कम्पनीको नाममा रियल इस्टेट कम्पनी बनाउने सोचाइ छ। एसेट म्यानेजमेन्ट कम्पनीमा सकारात्मक नरहेको समेत उतले संकेत दिए।

निष्क्रिय कर्जा वा गैरबैंकिङ सम्पत्ति समाधान एसेट म्यानेजमेन्ट कम्पनी हुन सक्छ कि सक्दैन भनेर बहस आवश्यक छ। एसेट म्यानेजमेन्ट कम्पनीको कन्सेप्ट ‘ब्याड बैंक’ सिर्जना गर्ने देखिएको छ। बैंकर आफैंमा नियमित बैंकिङ गतिविधिमा व्यस्त हुनुपर्छ, निष्क्रिय कर्जा व्यवस्थापनमा अल्मलियो भने बैंकको स्थायित्व र नियमित व्यवसायमा समय दिन पाउँदैन। त्यसैले कुनै निश्चित निष्क्रिय कर्जा व्यवस्थापन गर्न छुट्टै संस्था भए सहज हुन्छ। एसेट म्यानेजमेन्ट कम्पनी असहज बेलाका लागि हो। सधैंका लागि हुन सक्दैन। संकटपूर्ण अवस्थामा स्पेसल पर्पोज भेइकलका रूपमा यो आउँछ।

विश्वमा एसेट म्यानेजमेन्ट कम्पनीको निर्णय नै अन्तिम हुने र अदालतमा समेत रिट लैजान नपाउने विशेषाधिकार सहितको हुन्छ। हाम्रोमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको दफा ५७ ले रिकभरीलाई दिएको अधिकार पाउने गरी अर्को कानुन बनाउन कति समय लाग्छ? राष्ट्र बैंकले एसेट म्यानेजमेन्ट कम्पनीका लागि कानुन ड्राफ्ट गरिरहेको छ। यस्तो संस्था बनाउन राज्य कति लाग्नुपर्ने जस्तो अधिकार चाहिँ महत्त्वपूर्ण हुन्छ। त्यही अधिकार उक्त सम्पत्ति व्यवस्थापन गर्ने कम्पनीमा सार्नुपर्छ। त्यो अधिकार कानुनले दिन सक्छ कि सक्दैन? कम्पनी कानुनमा दर्ता भएको साधारण कम्पनी एसेट म्यानेजमेन्ट कम्पनी नभई रियल इस्टेट कम्पनी हुन्छ। हाम्रोमा धेरैको सोचाइ त्यस्तै देखिन्छ।

धेरै धितो जग्गाजमिन भएकाले त्यही जग्गाजमिन ल्याएर

बाँकी ५ पृष्ठमा

# कृत्रिम तारा अन्तरिक्षमा पठाउँदै नासा



अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले एउटा नयाँ अन्तरिक्ष मिसनको तयारी गरिरहेको छ। यो दशकको अन्त्यसम्ममा प्रक्षेपण गर्ने योजना बनाएको उक्त मिसनको नाम ल्यान्डल्ट स्पेस मिसन हो। यसमा एउटा यस्तो स्याटेलाइट हुनेछ, जसले ठ्याक्कै कृत्रिम ताराले जस्तै काम गर्नेछ।

यो मिसनको प्रमुख उद्देश्य जमिनमा आधारित टेलिस्कोपको सटिकतामा सुधार गर्नु हो जसले ब्रम्हाण्डका विषयमा हाम्रो ज्ञानमा वृद्धि गर्नेछ। एउटा ब्रेड जत्रै आकारको उक्त स्याटेलाइट सन् २०२९ को सुरुवातमा प्रक्षेपण गर्ने योजना छ।

उक्त कृत्रिम तारामा आठवटा लेजर हुनेछन् जसले तारादेखि सुपरनोभा सम्मका प्रकाश उत्पन्न हुनेछ। इसले अब्जरभेटरीमा रहेका आफ्ना टेलिस्कोप तथा अन्य उपकरणलाई फाइन ट्युन गर्नका लागि खगोलविद्हरूलाई क्यालिब्रेसन प्रविधिको रुपमा रहनेछ। र, वास्तविक खगोलिय पिण्डहरुको सटिक नापका लागि सहयोग गर्नेछ। उक्त कृत्रिम तारा स्याटेलाइट पृथ्वीको सतहभन्दा ३५ हजार ७८५ किलोमिटर माथि स्थापित गरिनेछ। यो यस्तो कक्ष हो, जसमा रहेको स्याटेलाइट पृथ्वीबाट हेर्दा स्थिर तथा वास्तविक ताराजस्तै देखिने मिसनका प्रमुख अनुसन्धानकर्ता पिटर प्लाभचान बताउँछन्। यो अमेरिका माथिको आकासमा हुनेछ।

नासाको यो मिसनमा ३० जना जनशक्ति खटिनुका साथै १९ करोड ५० लाख डलर बजेट छुट्टाइएको छ।

ल्यान्डल्ट मिसनलाई अन्तरिक्ष अन्वेषणका क्षेत्रमा ब्रेकथ्रु मानिएको छ। यसले ब्रम्हाण्डका धेरै भन्दा धेरै रहस्यको पर्दा उघार्ने अपेक्षा खगोलविदहरुको छ। साभार अनलाइनखबर डटकम

# मेलम्ची नआउन्जेल धापबाट दैनिक ४ करोड लिटर पानी पैंचो लिँदै केयूकेएल

***काठमाडौं।*** बाढीको जोखिम न्यूनीकरण गर्न मेलम्ची खानेपानी आयोजनाको बाँध बन्द गर्ने तयारी गरिएसँगै बर्खाकै बेला काठमाडौं उपत्यकामा खानेपानी अभाव पुनः दोहोरिने भएको छ। मेलम्चीको बाँधस्थलमा स्थायी हेडवर्क्स नहुँदा खेलामा पानी धमिलो हुनेबित्तिकै बन्द गर्नुपर्ने आयोजनाले जनाएको छ।

काठमाडौं उपत्यकामा मेलम्चीको पानी बन्द भएसँगै पुनः ट्यांकरको भर पर्नुपर्ने डरमा स्थानीय छन्। ‘मेलम्ची आइन्जेल पानीको ढुक्क थियो, बन्द भयो भने फेरि पानी ट्यांकरबाट ल्याएर पानी खानुपर्ने अवस्था आउँछ। मेलम्चीको त ठेगान नै नहुने भयो,’ काठमाडौंको थापागाउँका स्थानीय नरनाथ भेटवाल भन्छन्। ‘बाह्रै महिना आउँछ भनेर हल्ला गरिएको थियो, मेलम्चीको पानी आउँदा घर भाडामा लिएर बस्नेहरूलाई पानीको बिल कम हुन्थ्यो। अब ट्यांकरको हाल्नुपर्ने भएपछि फेरि थप हुन्छ,’ उनले भने।

जमिनमुनिको पानी, ढुङ्गेधारा, पोखरी, इनार सुक्दै गइरहेकाले खानेपानीको अभाव थप बढिरहेको काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक सञ्जीवविक्रम रानाले बताए।

बोर्डका अनुसार उपत्यकामा रहेका ८३७ ढुङ्गे धारामध्ये ११७ लोप भइसकेका छन्। सञ्चालनमा रहेका ७२० मध्ये ३२० सुकिसकेका छन्।

मेलम्चीको पानी नआउने, भएका स्थानीय स्रोतहरू सुक्ने हुँदा उपत्यकावासी फेरि ट्यांकरको पानी किनेर खानुपर्ने स्थितिमा पुगेका हुन्।

***अब कसरी आउँछ काठमाडौंमा पानी ?***

काठमाडौं उपत्यका खानेपानी लिमिटेड –केयूकेएल) का अनुसार मेलम्चीको पानी नआउँदा अब काठमाडौंमा शिवपुरी धाप ड्यामबाट दैनिक ४ करोड लिटर पानी काठमाडौंमा ल्याइनेछ।

‘मेलम्ची नआउने बित्तिकै पानीको हाहाकार हुन्छ भन्ने हुँदैन, हामी ४ करोड लिटर दैनिक धाप ड्यामबाट वाटर ट्रेडिङ मार्फत सुन्दरीजल हुँदै सिस्टममा पठाउँछौं। मेलम्ची आएपछि धापलाई उक्त पानी पैंचो तिर्छौं,’ केयूकेएलका प्रवक्ता प्रकाशकुमार राईले भने। अर्थात हिउँदमा मेलम्चीको पानी आउन समस्या हुँदैन र त्यही समयमा धाप ड्यामको पानी बागमतीको बहाव बढाउन प्रयोग गर्नुपर्ने अवस्था हुन्छ। तर ड्यामको पानी प्रयोग नगरी मेलम्चीकै पानी बागमतीको बहाव बढाउन प्रयोग हुने उनले बताए।

उनले अलि ठूलो वर्षा भएपछि सुन्दरीजलमा पानीको मूल बढ्ने बताउँदै वर्षामा हाहाकार हुने अवस्था नआउने बताए।

***अब खानेपानीको नयाँ तालिका आउने***

मेलम्चीको पानी नआउँदा




रुटिन परिवर्तन गर्ने छ। अहिले जति दिनमा खाने पानी आउने गरेको छ, त्यो अवधि बढ्ने राई बताउँछन्। पानीको आपूर्ति हेरेर एक दुई दिन भित्रै केयूकेएलले नयाँ रुटिनमा काम सुरु गर्ने उनले बताए।

केयूकेएलका अनुसार काठमाडौं उपत्यकामा दैनिक ४३ देखि ४६ करोड लिटर पानीको माग रहेको छ। मेलम्चीसहित केयूकेएलले दैनिक करिब २६ करोड लिटर पानी आपूर्ति भइरहेको छ।

मेलम्ची आयोजनाबाट मात्रै दैनिक करिब १५ करोड पानी आपूर्ति हुने गरेको छ। अब मेलम्चीको पानी नआउँदा करिब १५ करोड लिटर पानी घट्छ भने धाप ड्यामबाट ४ करोड लिटर पानी थप हुन्छ।

‘समयमै मूल फुट्नेगरी पानी आयो भने २२ करोड लिटरसम्म पानी छोड्नसक्छौं। जुन अहिलेको भन्दा ५–६ करोड लिटर कम हो,’ राईले भने।

यस्तो अवस्थमा मेलम्ची नआउँदा काठमाडौंमा खानीपानीको आपूर्तिमा समस्या आउने उनले बताए।

मेलम्चीको पानी नआउँदा काठमाडौंवासी फेरि ट्याङकरकै भरपर्नु हो भन्ने प्रश्नमा राईले ट्यांकरको विकल्पमा गइहाल्नु नपर्ने दाबी गरे। ‘काठमाडौंमा पिउने पानीका लागि ट्यांकर विकल्प हुँदै होइन, बरु समयमा वर्षा भयो भने वरपरको मूल फुट्दा हाम्रो स्रोत बढ्छ। फेरि ट्यांकरले भर्ने पानी पनि कहाँको भन्ने प्रश्न त छ नि?’ उनले भने।

काठमाडौं उपत्यकामा निरन्तर वर्षा भयो भने ढुंगेधारा, इनारलगायतमा पानी बढ्ने र काठमाडौंमा खानेपानीको हाहाकार नहुने उनको तर्क छ।

***मेलम्चीमा भल रहुन्जेल बन्द हुन्छ बाँध***

मेलम्ची खानेपानी आयोजनाका प्रवक्ता राजेन्द्रप्रसाद वन्तका अनुसार मेलम्चीको सुरुङ बन्द भएपछि पुनः कहिले खुल्छ भन्ने ठेगान छैन। ‘धमिलो पानी खोलामा रहुञ्जेल अब मेलम्चीबाट काठमाडौं पानी आउँदैन। गत वर्ष पनि माघबाट मात्रै दिएको हो। वर्षा कति लामो हुन्छ, त्यहीअनुसार पानी रोकिन्छ। स्थायी रुपमा हेडवर्क्स नबनेसम्म यो त सधैंको समस्या हो,’ उनले भने।

सरकारले मेलम्ची खानेपानी आयोजनाको नयाँ मुहानस्थल –हेडवर्क्स) बनाउन स्वीकृति दिइसकेको छ। मेलम्ची खानेपानी आयोजनाको हाल अम्बाथानमा रहेको हेडवर्क्सको विकल्पका रूपमा उपयुक्त स्थानमा नयाँ हेडवर्क्स बनाउन मन्त्रिपरिषद्ले खानेपानी मन्त्रालयलाई जेठमै सैद्धान्तिक स्वीकृति दिएको हो।

बाँकी ५ पृष्ठमा

## लागु.......................

पक्राउ पर्नेमा बर्दियाको राजापुर नगरपालिका–१ घर भएका २९ वर्षीय कृष्ण चलाउने र बर्दियाकै गेरुवा गाउँपालिका–३ घर भएका २७ वर्षीय गौरब चौधरी छन्। उनीहरुलाई प्रहरी वृत्त महाराजगञ्जको टोलीले पक्राउ गरेको हो।

उनीहरुबाट २.७ ग्राम लागु औषध खैरो हेरोइन र २४ हजार रुपैयाँ बराबद भएको छ। लागु औषध बिक्रि गर्न भनेर हिँडिरहेको अवस्थामा टोखा–९ बाट पक्राउ गरिएको प्रहरीले जनाएको छ।

## बजारमा..............

आँप बृद्धिभए पछि व्यापावरीहरुले गाच्छीमै मुल्य तोकेर खरिद नगर्ने गरेका छन। विभिन्न प्रजातीका आँप बेमौसीमा बजारमा निस्कन थालेपछि केमिकलयुत्त आँप प्रयोग गर्दा स्वास्थ्यमा समस्या हुने चिकित्सकहरुले सुझाएतापनि सर्वसाधरणहरुले त्यसलाई अटेर गर्दे खरिदगरि खानेगरेका छन। उक्त आँपको सिजन असारको दोश्रो साता मात्र सुरु भएपनि चैत्र बैसाखबाटै बजारमा निस्केर उपभोक्ताहरुले खरिद गरि खाने गरेका छन। यस बर्ष नेपाली आँपले राम्रो उत्पादन दिएपछि किसानहरु हर्षित मात्रै होईन आम्दानी बढेर बचत गर्ने तरखरमा रहेको एक किसानले बताए। उनको भनाई अनुसार यस बर्ष हावाहुरी पनि उतिसारो चलेन बोटमै आँपको कोपिला एवं फल समेत राम्रो भएपछि उत्पादनमा बृद्धिभएको उनको भनाई हरेको थियो। भारतीय फलफुलले नेपाली बजारलाई नओगटने भए सायद नेपाली किसानहरु आत्मनिर्भर भएर मनग्गे आम्दानी गर्ने थियो। तर पछिल्लो समय नुन देखि सुन सम्म भारती बजारबाटै खरिद गरेपछि नेपाली व्यापारीहरु आर्थिक समस्या देखि विभिन्न झन्झट खेपीरहेको नेपाली व्यापारीहरुले बताएका हुन।

## सिनेमा..................

३. विदेशी सिनेमाको नेपालमा छायांकन गर्न खटाइने सम्पर्क अधिकृतको सट्टा स्थानीय नगर तथा गाँउपालिका जहाँ सुटिङ हुन्छ, त्यहाँको वडा कार्यालयले सहयोग गर्ने विभिन्न बहानामा सुटिङ रोक्ने होइन, सहयोग गर्ने, कानुनी झन्झट छ भने नियम परिवर्तन गर्नुपर्छ।

४. ड्रोन आदि आधुनिक उपकरणको परमिट दिने कार्यको सरलीकरण गर्न कार्यविधि बनाउनुपर्छ।

५. नेपाली सिनेमा निर्माताहरूलाई पनि आफ्नो सिनेमा, डकुमेन्ट्री आदिलाई अन्तर्राष्ट्रिय मञ्चहरूको प्रतियोगितामा भाग लिन जान आर्थिक सहयोग गर्नुपर्छ। त्यसले हाम्रा गन्तव्य आदिको व्यापक प्रचार प्रसारसँगै उनीहरूको मनोवल वढेर सिनेमा क्षेत्रको विकास हुने र देशमा विदेशी पर्यटक आकर्षित गर्न सकिन्छ।

६. हाल सूचना प्रविधि –आईटी) कम्पनीहरूले पनि नेपालमा हलिउड सिनेमा एडिटिङ, ग्राफिक डिजाइनिङ, एनिमेसन आदिका केही भागको काम गर्ने गरेको पाइन्छ। यसमा पनि सरकारले सहयोग गरी नेपाललाई 'आईटी हब' का रूपमा अन्तर्राष्ट्रिय कम्पनीहरूलाई विदेशी लगानीका लागि आकर्षण गर्न सुविधायुक्त व्यवस्था गर्नुपर्छ।

***पूर्वाधार हकमा वस्तुगत सुधार***

१. हाम्रा सुन्दर गन्तव्यसम्म पुग्न राम्रो सडक एवम् पहुँच कमीले यति सुन्दर स्थानको छायांकन गर्न अत्यन्त महँगो हुन जान्छ।

२. सिनेमा निर्माण क्रममा चाहिने प्राविधिक सामग्री कमीले पनि निर्माताहरूले सम्पूर्ण सामग्री भारतबाट नै यहाँ ल्याउनुपर्छ। यो पनि ठूलो समस्यामा पर्छ, यसका लागि निजी क्षेत्रले लगानी गर्नुपर्छ।

३. भारतसँगको स्थलमार्गका सम्पूर्ण नाकामा स्थानीय सेवा प्रदायक, भन्सार र सुरक्षा कर्मचारीको भूमिकाले भारतीय सिनेमाको नेपालमा छायांकन हुने कार्यक्रमको सफलता र राम्रो अनुभूतिमा ठूलो योगदान रहन्छ।

***चुनौती***

नेपालभित्र सिनेमा छायांकन विकास नहुनुमा केही चुनौती पनि छन्। जसमा बलिउडका सिनेमा निर्माता कम्पनीहरूको नेपालप्रतिको दृष्टिकोण र कमजोर कानुनी व्यवस्था पर्छ। सिनेमा छायांकन गर्दा होटल, रेस्टुरेन्ट तथा स्थानीय प्राविधिकको समयमा भुक्तानी नगर्ने, उधारो राख्ने र मुम्बई वा नयाँदिल्लीबाट पछि भुक्तानी गरौंला भनी पैसा डुबाउने प्रवृत्ति देखिन्छ। त्यसमा नेपाली कानुनले केही गर्न नसक्ने परिस्थितिले विगतमा हाम्रा होटलका धेरै पैसा डुबेको उदाहरण पनि पाइन्छ।

नयाँ सोच र नयाँ प्रविधि विकाससँगै हाम्रो संस्कृति, खानपिन एवम् गन्तव्यहरूको मौलिकता विश्वमाझ राख्न, जनमानस समक्ष पुऱ्याउन सिनेमाको माध्यम प्रभावकारी भई विदेशी पर्यटक भित्र्याउन एक सशक्त माध्यम हुन सक्ने देखिन्छ।

मेरो व्यक्तिगत अनुभवमा पनि 'बेबी' सिनेमा बनाउँदा एउटा ठूलो होटलको बिल र स्थानीय फिल्म क्रुको व्यवस्थापन कम्पनीको सम्झौता अनुसार भारतीय सिनेमा निर्माताले पैसा नतिरी पछि पठाइदिने भन्दै फिर्ता जान लाग्दा उक्त फिल्मका सहायक हिरो सुशान्त सिंह मेरो स्कुलको साथी भएकाले उनीमार्फत उक्त सिनेमा निर्माता टिमलाई दबाब दिई भुक्तानी गराएर मात्र जान दियौं। यस्तो सबै निर्माताहरूबारे नहोला, तर पनि अग्रिम भुक्तानीमा जोड दिँदै आउने परिस्थितिको पूर्वानुमान गरेरमात्र स्थानीय खर्चको जिम्मेवारी दिलाएर व्यापार गर्नुपर्ने देखिन्छ।

भारतीय सिनेमा छायांकन गन्तव्य बनी कार्य गरिरहेका देश मलेसिया, थाइल्यान्ड, दुबई, मौरिसस, अस्ट्रेलिया, न्यजिल्यान्ड, सिंगापुर लगायतले यसबारे नीतिगत व्यवस्था र त्यहाँको होटल व्यवस्थापन प्रबन्धबारे पनि अध्ययन गर्नुपर्ने देखिन्छ। आज विश्वभरि भारतीय सिनेमाले भारतीय संस्कृति, खानपिन, आफ्ना गन्तव्यलाई विश्वमाझ सिनेमाबाट चिनाइरहेको पाइन्छ।

पछिल्ला दिनमा कोरियाली सिनेमा उद्योगले पनि के–पप, सिरियल, सिनेमा र संगीतले विश्वमाझ आफ्नो संस्कृति पहिचान बनाइ कोरियाली गन्तव्यमा विदेशी पर्यटक आकर्षित गरेको पाइन्छ। प्रकृतिले हामीलाई दिएको 'ब्याकड्रप' को रंगमञ्च साथै यस देशमा १ सय २५ जातिका आफ्नै मौलिक कला, संस्कृति भएका समुदायलाई विश्व रंगमञ्चसँग जोडेर यसको पर्यटकीय गतिविधिका माध्यमबाट आर्थिक तथा सामाजिक लाभ लिन पछि हट्नुहुँदैन।

प्रत्येक क्षेत्रमा रूपान्तरण हुने नयाँ आयाम खोज्नुपर्छ। नयाँ सोच र नयाँ प्रविधि विकाससँगै हाम्रो संस्कृति, खानपिन एवम् गन्तव्यहरूको मौलिकता विश्वमाझ राख्न, जनमानस समक्ष पुऱ्याउन सिनेमाको माध्यम प्रभावकारी भई विदेशी पर्यटक भित्र्याउन एक सशक्त माध्यम हुन सक्ने देखिन्छ। साभार अनलाइनखबर डटकम

## युवाकै..................

कालखण्डका राजनैतिक आन्दोलन सफल रहे र राजनैतिक उपलब्धिलाई संविधान मार्फत संस्थागत गरियो। यसकारण राजनैतिक आन्दोलन हिजोका युवाहरूको त्याग र तपस्याकै कारण सफल भएको मान्न सकिन्छ।

जब मुलुक आर्थिक समृद्धि र विकासको चरणमा प्रवेश गऱ्यो, योगदान गर्ने युवाहरू व्यक्तिगत स्वार्थ र राजनैतिक कित्ताकाटमा विभाजित हुनपुगे। विशेषगरी दुई सोच युवामा देखियो। एक विदेश पलायन हुने, अर्को राजनैतिक दलको आवरणमा लुटतन्त्र मच्चाउने।

ग्रामीण भूगोल र न्यून आर्थिक स्तर भएका युवाहरूको रोजगारीको गन्तव्य अरबका खाडी मुलुक र मलेसिया, दक्षिण कोरिया बनेको छन्। राष्ट्र बैंकको तथ्याङ्क अनुसार चालु आर्थिक वर्षको ६ महिनामा मात्र रोजगारीका लागि ३ लाख ४३ हजार ४०५ जनाले मुलुक छोडेका छन्।

यसैगरी पढेलेखेका र आर्थिक स्तर सबल भएका युवा उच्च शिक्षाको गन्तव्य अमेरिका, अस्ट्रेलिया र क्यानडा बनेको छन्। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय वैदेशिक अध्ययन अनुमति शाखाका अनुसार चालु आर्थिक वर्षको ६ महिनामा ८५ हजार ७५ जना विदेशिएका छन्। ६ महिनामा उच्च शिक्षा अध्ययनका नाममा ५८ अर्ब ९५ करोड १ लाख रूपैयाँ बाहिरिएको हो।

बहु–विश्वविद्यालयको अवधारणा बमोजिम हाल दर्जनभन्दा बढी विश्वविद्यालयहरू र आधा दर्जन जति प्रतिष्ठानहरू सञ्चालनमा छन्। विश्वविद्यालय र प्रतिष्ठानहरूमा रहेका सामुदायिक, आंगिक र निजी गरी जम्मा १ हजार ४३२ क्याम्पसहरू सञ्चालनमा रहेका छन्।

हिजो ४० सिटमा भर्नाका लागि हजारौं आवेदन पर्ने विषयहरूमा आज विद्यार्थी पाउन मुस्किल छ। यसले हाम्रा विश्वविद्यालयको विश्वसनीयता र गुणस्तरमा प्रश्न उब्जाएको छ।

अर्कोतर्फ चालीस–पचास लाखको सम्पत्ति देखाएर विदेश पुगेका युवाहरूको गन्तव्य विश्वविद्यालय र अध्ययन हैन, काम र दाम बन्न पुगेको छन्। विश्वविद्यालयको शुल्क, विदेश जाँदाको ऋण र त्यहाँको बसाइ खर्च धान्नका लागि जस्तोसुकै काम गर्न बाध्य छन्।

घरमा सामान्य काम नगरेका हाम्रा युवायुवती त्यहाँ गएर के काम गर्छन्, कसैलाई थाहा छैनन्। विदेशबाट फर्किएकाहरूले पनि यो काम गर्छौं भनेर कसैका सामु भन्दैनन्। काम र बसाइको बारेमा भन्न प्रायःले हिच्किचाउँछन्। यसले विदेशमा नेपाली र उनीहरूको दैनिकी कसरी गुज्रिएको छ, सजिलै बुझ्न सकिन्छ।

गत चुनावमा काङ्ग्रेस, एमाले र माओवादीले मात्र वाचा गरेको संख्यालाई हेर्ने हो भने पाँच वर्षभित्र मुलुकमा बेरोजगारी अन्त्य हुने देखिन्छ। नेपाली कांग्रेसले पाँच वर्षमा १२ लाख ५० हजार, एमालेले ५ लाख र माओवादीले २० लाख रोजगारी सिर्जना गर्ने वाचा गरेको थियो। उक्त वाचाको करिब दुई वर्ष बितिसकेको छ, तर कहाँ कतिलाई रोजगारी सिर्जना गरियो कुनै तथ्य छैन। यसले हाम्रा राजनैतिक पार्टी र नेतृत्व कति गैरजिम्मेवार छन् भन्ने पुष्टि हुन्छ।

शिक्षा वा रोजगारी जुनै माध्यमबाट भए पनि विदेशिनु हाम्रो बाध्यता हो कि रहर? किन मुलुकमा नै खोजिँदैन विकल्प ?

घरखेत बन्धक राखेर रोजगारी र उच्च शिक्षाका लागि विदेश पठाउन पचास लाख खर्च गर्ने परिवारले मुलुकमा नै त्यही रकम लगानी गरेर उनीहरूलाई अगाडि बढ्न किन प्रेरित गर्दैनन्? मुलुकमा नै युवा रोक्नभन्दा पनि वैदेशिक यात्रालाई सहज बनाउन सरकार किन लागिराखेको छ ? यी प्रश्नहरूले परिवार, समाज र मुलुक नै जेलिएको छ।

लाखौं मानिसलाई रोजगार सिर्जना गर्न सक्ने –विराटनगर जुटमिल, गोरखकाली रबर उद्योग, भृकुटी कागज कारखाना, बाँसबारी छालाजुत्ता उद्योग, बालाजु कपडा उद्योग, हिमाल सिमेन्ट, हरिसिद्धि इँटा टायल उद्योग, काँचो छाला संकलन तथा बिक्री उद्योग, रघुपति जुट मिल्स, नेपाल चिया विकास उद्योग) लगायत दर्जनौं उद्योगहरू बेचिएको छ। कोही किन बोल्दैन ? कोही बोल्नेवाला छैन किनकि उसको दल मिसिएको छ, उसको नेता मिसिएको छ।

अहिले देशभित्र युवाशक्तिको अभाव छन्। हिजो रोजीरोटीले गाउँका गाउँ रित्तिएका थिए। आज शिक्षाको नामले शहरहरू रित्तिएका छन्। गाउँ र शहर दुवैमा मलामी र जन्ती जाने युवाहरू भेटिंदैनन्। संस्कार र संस्कृति रित्तिएको छ।

गाउँबस्तीका कृषि व्यवसाय संकटग्रस्त हुन थालेका छन्। शहरका कलकारखाना र उद्योगहरू बन्द भएका छन्। कृषिदेखि उद्योग सञ्चालनका लागि छिमेकी मुलुकबाट श्रमिकहरू आयात गर्नुपरेको छ। वैदेशिक रोजगारी र उच्चा शिक्षाले मुलुकको श्रम बजार थलिएको छ।

अर्कोतर्फ देश नछाड्ने युवाहरू राजनीतिमा छन्, कोही युवा दस्तामा त कोही विद्यार्थी संघ संगठनमा। औपचारिक कार्यक्रम र बहसमा निकै राष्ट्रसेवी र मुलुकको समृद्धिको लागि आफ्नै मुलुकमा त्याग, बलिदान र योगदान गर्ने बताउँछन्। तर वास्तविकता पृथक् छ।

राजनीतिक पहुँचको आडमा तस्करका मतियार बनेका छन्। वडाध्यक्षदेखि संघका मन्त्रीको वरिपरि रहेर शक्तिको आडमा तस्करी र अवैधानिक काम गर्छन्। कर्मचारीको सरुवा, बढुवा, तस्करीबाट आफ्नो दैनिकी चलाउँछन्। कुनै देखिने पेशा, रोजगारी वा पैतृक सम्पत्ति नभएका कथित राष्ट्रसेवक युवाहरूको उच्च तहको जीवनयापन छ। न त दलहरूले यसको अनुसन्धान गरेका छन् न त सरकारले नै। उल्टै राजनैतिक संरक्षण छ। बाहिर आएका अधिकांश भ्रष्टाचारका घटनामा युवा नेताहरूको संलग्नता देखिएको छ। सामाजिक सञ्जालको दबाबका कारण केहीलाई अनुसन्धानको दायरामा ल्याइए पनि प्रक्रिया पुऱ्याएर छोडिएको छ। राजनीतिमा भिज्न र टिक्न निर्वाचन प्रणाली महँगो हुने भएकोले पनि राजनीति गर्ने अधिकांश युवा तस्कर, गुण्डा, बिचौलियाको रूपमा प्रयोग भएका छन्।

अन्त्यमा, आज एक युवा राजनीतिप्रति घृणा व्यक्त गर्दै, दल र नेताहरूलाई धिक्कार्दै विदेश पलायन भएको छ। अर्को युवा राजनीतिलाई नै लुटिखाने पेसा बनाएर सच्चा देशप्रेमी बनिटोपलेको छ। युवाका दुवै सोच र क्रियाकलापका कारण देश अप्ठ्यारोमा पुगेको छ।

वैदेशिक रोजगारी र शिक्षाले व्यक्ति र परिवारको आर्थिक अवस्था मजबुत त होला तर देश बन्नेवाला छैन। युवाको राजनैतिक बिचौलियाको रोलले व्यक्ति र दल बलियो होला तर मुलुक बन्नेवाला छैन। युवाको काँधमा देश विकासको उत्तरदायित्व र आवश्यकता हुन्छ। खास–खास चरणमा युवाहरूको त्याग, बलिदान र योगदान मुलुकका लागि अत्यावश्यक हुन्छ।

मुलुक बनाउने जिम्मा युवाहरूकै हो। तर हाम्रा युवाहरू पन्छिएका छन्। युवाले समस्या देखाएर भाग्ने हैन, समाधान गर्ने हो। हिजोको राजनैतिक आन्दोलनहरू युवा बलिदान र त्यागकै कारण सफल भएका हुन्। तर देशमा भ्रष्टाचार, बेथिति र अविकास आजका युवाकै कारण मौलाएको हो।

अहिलेका विकसित मुलुकहरू कुनै पनि रेमिट्यान्स र दातृराष्ट्रको सहयोगले समृद्ध बनेका हैनन्। आफ्नै युवाको रगत र पसिनाले समृद्ध बनेका हुन्। देश समृद्ध बन्दा समाज र परिवार पनि समृद्ध बन्छ। यसैले युवाहरूले सोच्ने बेला आएको छ। साभार अनलाइनखबर डटकम

## समस्याग्रस्त..........

अर्को कम्पनी बनाउँला भन्ने सोचाइ राख्छन्। विकसित देशमा एसेट म्यानेजमेन्ट कम्पनीको अवधारणा व्यवसाय नै पुनः सञ्चालनमा ल्याउने सोचमा हुने गर्छ। तर, नेपालमा कर्पोरेट ग्राहक संख्या न्यून भएको र खुद्रा –रिटेल) साना ग्राहक संख्या धेरै छ। एसेट म्यानेजमेन्ट कम्पनी बैंकमा भएको एनपीए सारेर ब्याड बैंक सिर्जना गर्ने विशिष्टीकृत माध्यम हो। बैंकहरूले नै एनपीए हेर्न छुट्टै डिभिजन बनाउनु राम्रो हुन्छ। तर, छुट्टै संस्था बनाउन सहज छैन। नेपालमा एसेट म्यानेजमेन्ट कम्पनी तत्काल आउने सम्भावना छैन। राष्ट्र बैंकले ऐन ड्राफ्ट गरिरहेको छ, तर एनपीए सहज हुने अवस्था आयो भने उक्त कम्पनी आउने सम्भावना छैन। एसेट म्यानेजमेन्ट कम्पनी बन्दा शक्तिशाली भएर आउनुपर्छ।

एसेट म्यानेजमेन्ट कम्पनी आउँदा बन्ड जारी गर्ने, बन्ड बैंकका लागि एक्सचेन्ज हुने किसिमको हुनुपर्छ। बन्ड रियलाइज हुँदै जाँदा परिपक्व हुँदै जाने कन्सेप्ट छ।

धेरै निष्क्रिय कर्जा रिटेल फोर्टफोलियोको एमएसएमई र निर्माण व्यवसायमा देखिएको छ। निर्माण क्षेत्रको भुक्तानी समस्या समाधान गर्न राष्ट्र बैंक र अर्थ मन्त्रालयबीच छलफल भइरहेको छ। विगतमा संघीय सरकारले ठेक्का सम्झौता गरेको र पछि तल्ला तहमा हस्तान्तरण गरेका आयोजनाको भुक्तानी जटिल छ।

संघीय सरकारले संघबाट ठेक्का लगायत आयोजना प्रदेशलाई हस्तान्तरण गऱ्यो। ठेक्का लागेका आयोजनामा निर्माण व्यावसायिक काम गर्दै गयो तर उक्त आयोजनाको बजेट प्रदेशमा सारेको छैन। जसले प्रदेशले भुक्तानी गर्न सक्दैन। यसले निर्माण व्यवसायीको भुक्तानीमा समस्या भएको छ। ४० वर्षको अनुभव भएको निर्माण व्यवसायी यस्तो समस्याले कालोसूचीमा पर्ने र काम गर्न नपाउने अवस्था आउन लागेको छ। सरकारले बन्ड जारी गरेर निर्माण व्यवसायीलाई दिएको खण्डमा बन्ड धितोमा निर्माण व्यवसायीले बैंकबाट थप सुविधा लिन सक्छन् कि भनेर छलफल भइरहेको छ। कतिपय निर्माण व्यवसायी भुक्तानी समस्याले काम गर्दागर्दै पनि कालोसूचीमा पर्ने अवस्था आउने जोखिम छ।

***बैंकको नाफा उच्च छैन***

पछिल्लो पटक बैंकको नाफा उच्च छैन। बैंकको रिर्टन अन इक्विटी ८ प्रतिशतबाट तल झरेको छ। बैंकको न्यूनतम नाफा सुनिश्चित हुनुपर्छ। बैंकको तरलता व्यवस्थापन, सल्भेन्सी र समग्र वित्तीय स्थायित्वका लागि न्यूनतम नाफामा असहज मान्नु हुँदैन।

८ प्रतिशतको प्रतिफल निक्षेपको ब्याजदर भन्दा पनि न्यून छ। राष्ट्र बैंकले बैंकको रिजिलेन्स र स्थायित्वका लागि प्रोभिजन बढाएको छ। प्रभावकारी मनिटरिङ र प्रोभिजन नभएको भए नाफामा कन्भर्ट हुने र लाभांश वितरण भएर सेयरधनीका हातमा पुग्छ। तर, आज बैंकमा भने अर्को समस्या आउने भएकाले त्यसमा सचेत छौं।

ब्याजदर राष्ट्र बैंकले रहरले नभई बाध्यताले बढाएका हौं। कोभिडका बेला सबैलाई जोगाउन लचिलो नीति ल्याएका थियौं। २०७८ सालमा सरकारले सहुलियत ऋणको कन्सेप्ट ल्याउँदा बैंकहरू रिकभरी र तरलता समस्यामा भएकाले राष्ट्र बैंकले पुनर्कर्जा तरलता मार्फत सपोर्ट गरेको थियो। तर, पुनर्कर्जा बढी नै प्रयोग भएको महसुस हुँदा अर्को मौद्रिक नीतिमार्फत केही क्षेत्रगत कर्जामा सीमा लगाउने, सीडी रेसियोजस्ता औजार मार्फत सचेत गराएका छौं।

हरेक नीति समयमा आएको र कतै राष्ट्र बैंक चुकेको छैन। त्यसपछि कोभिड लक्षित सहुलियत क्रमशः हटाएर गएका छौं। राष्ट्र बैंकले ल्याएको नीतिमा कन्फिडेन्ट साथ भन्न सक्छौं ४३ प्रतिशतको ब्याज बढोत्तरी ठूलो कुरा होइन। विस्तारित कर्जा सुविधामा एक वर्षमा ५६ गुणा बढी ब्याज आईएमएफलाई तिरेका छौं।

अमेरिकामा एक वर्षमा ५३३ प्रतिशतले ब्याजदर बढेको छ अन्यत्र पनि तुलना गर्नुपर्ने बेला भएको छ। लघुवित्तको १५ प्रतिशत ब्याजदर न्यून नै छ। १५ प्रतिशत ब्याजदरमा कर्जा दिएर गरिबलाई धनी बनाइन्छ भनेको सुनिन्छ तर अन्तर्राष्ट्रिय बजारमा हेर्न हो भने लघुवित्तको औसत ब्याजदर ३५ प्रतिशत छ। यी कुरा विज्ञले पनि तुलना गरेर बोल्नुपर्छ। (गभर्नर अधिकारीले नेपाल आर्थिक पत्रकार संघ –नाफिज) ले आइतबार आयोजना गरेको कार्यक्रममा प्रस्तुत मन्तव्यको सम्पादित अंश।) साभार अनलाइनखबर डटकम

## मेलम्ची................

आयोजनाले अहिलेको बाँधस्थलभन्दा माथिल्लो भागमा नयाँ हेडवर्क्स बनाउन स्थल पहिचान गरेको छ। 'डीपीआर निर्माण थालिने र त्यसपछि टेन्डर आह्वान हुनेछ,' उनले भने। साभार अनलाइनखबर डटकम

## सप्ताहिक राशिफल

मेष : रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ।

वृष : मिहिनेतको परिणामले आत्मविश्वास बढाउनेछ।

मिथुन : विशेष अवसरले प्रसन्नता दिलाउनेछ।

कर्कट : सहयोगीहरुको साथले काममा उत्साह जगाउनेछ।

सिंह : विशिष्ट व्यक्तिहरुसँग भेटघाट हुनेछ।

कन्या : आकर्षक उपहार प्राप्त हुन सक्छ।

तुला : अवसर जुट्नेछ तर आलस्य गर्ने बानीले काम अधुरो रहन सक्छ।

वृश्चिक : पछिका लागि जग बसाउने समय छ।

धनु : पछिका लागि खर्चनुपर्ने समय रहेको हुँदा धेरै रकम जोहो गर्नुपर्ला।

मकर : सोखले विलासी वस्तुहरुमा खर्च गराउनेछ।

कुम्भ : उठ्नुपर्ने रकम तत्काल उठाउँदा लाभांशमा घाटा लाग्न सक्छ।

मिन : आफन्तबाट टाढिनुपरे पनि टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ।

# पर्साका तत्कालीन मालपोत कार्यालय प्रमुख मिश्रसहित तीन जनालाई ८बर्ष कैद



वीरगंज पर्सा/मालपोत कार्यालय पर्साका तत्कालीन मालपोत अधिकृत हरिनारायण मिश्रसहीत तीन जनालाई ८बर्षका दरले कैद सजाय तोकिएको छ । विशेष अदालतका अध्यक्ष न्यायधिश टेकनारायण कुंवर सदस्य तेजनारायण सिंह राई र रामबहादुर थापाको इजलासले गत बुधबार सजाय निर्धारण गरेको हो । राजस्व चुहावटको अभियोगमा मिश्रलाई ८बर्ष कैद २ करोड ५०लाख २३हजार ९८१ रुपैयाँ जरिवाना र एक करोड २५लाख ११हजार ९९० रुपैयाँ विगो अशुल गर्न विशेष अदालतको आदेश छ । यही ईजलासले जेठ २८गते दोषी ठहर गर्दे सजाय निर्धारणका लागि गत बुधबार पेशी तोकेको थियो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मिश्रको हस्ताक्षरबाट पारित भएका लिखतबाट संकलन भएको सो रकम भ्रष्टचार भएकोले दुईकरोड ९लाख ३१ हजार ६४७ विगो कायम गर्दे त्यसको दोब्बर रकम जरिवाना हुन मागदाबी लिएको थियो । सोही मालपोत अधिकृत भूपेन्द्र बहादुर बोगटीलाई पनि ८बर्ष कैद र मिश्रलाई जति नै विगो तथा जरीवाना भराउने फैसला भएको छ । अधिकृत कमोद तिवारीविरुद्ध एक करोड ४१लाख ४७हजार १७१ भन्दा दोब्बर जरिवानासहित मागदाबी लिई भ्रष्टचार मुद्धा दायर भएको थियो । उनलाई पनि ८बर्ष कैद तथा विगो र जरिवाना पनि मिश्र र बोगटिलाई जति नै तोकिएको छ । अरु तीन जनालाई पनि विशेष अदालतले दोषी ठहर गर्दे सजाय निर्धारण गरेको छ । तत्कालीन मालपोत अधिकृत गोपाल ढुंगाना विरुद्ध३५लाख ४५हजार ९५०रुपैयाँ बिगो कायम गर्दे त्यसको दोब्बर जरिवाना माग गरिएको थियो । उनलाई४बर्ष कैद ७०लाख ९१हजार ९सय रुपैयाँ जरिवाना र ३५लाख ४५हजार ९५०रुपैयाँ विगो भराउने फैसला भएको छ । तत्कालीन अधिकृ त पद्मप्रसाद अर्यालविरुद्ध१६लाख ८१हजार ६००सय रुपैयाँ विगो र त्यसको दोब्बर जरिवाना माग गरिएको थियो। बिशेष अदालतले उनलाई २बर्ष कैद ३३लाख ६३हजार २सय रुपैयाँ जरिवाना र १६लाख ८१हजार ६सय रुपैयाँ विगो भराउने फैसला गरेको छ ।

# वीरगंजलाई धार्मिक पर्यटकीय हब बनाउने नारामै सिमीत सरोकारबालाहरुले बोलेको कुरा व्याबहारमा लागु नहुँदा नगरबासीहरुले पत्याउँन छाडे



वीरगंज पर्सा/वीरगंजलाई धार्मिक पर्यटकीय हब बनाउने भनेर सरोकारबालाहरु लागि परेतापनि अहिले प्रचार प्रसारमै सिमित भएपछि नगरबासीहरु सरोकारबाला हरुले बोलेको कुरा कहिले पनि पुरागर्न नसक्ने आरोप लगाएका छन । आन्तरिक पर्यटक र बाह्रय पर्यटकका लागि पर्सा जिल्लाको विभिन्न धार्मिक स्थलमा घुमघाम गर्न र दृश्याअबलोकन गर्न धेरैठाउँहरु सम्भावित भएतापनि स्थानिय सरकारले चासो नलिदा सो धार्मिक पर्यटकक्षेत्र ओझेलमा सिमीत भएको हो । नगर सभाबाट धार्मिक पर्यटक हब बनाउने भनेर केहि रकम छुट्याईएतापनि नत धार्मिक पर्यटकको हब बन्न सक्यो नत आन्तरिक पर्यटक र बाह्रय पर्यटको हब बन्न सक्यो यस प्रति स्थानियहरु निराश समेत भएका छन ।

अरुठाउँको तुलनमा पर्सा जिल्ला ऐतिहासिक धार्मिक पर्यटक स्थलको प्रचुर सम्भवना भएतापनि तीन तहको सरकारले वेवास्ता गर्दा अहिले धार्मिक पर्यटकीय बनाउने भनेर समाजिक अभियान्ता समेत तिन छक्क परेको समाजिक अभियान्ता प्रकाश थारु बताउँछन ।

वहाको भनाई अनुसार सरकारको मुखमात्रै ताक्छ । विरगंजमा एकसाएक कुवेरहरु छन उनीहरुले चाह्रयो भने जेपनि गर्न सकिन्छन तर धनभएर पनि मन नभएका कुवेरहरु भएपछि धार्मिक पर्यटक बनाउने नारामै सिमत रहेको थारुको भनाई थियो ।

# वीरगंन्ज महानगरको नगरसभा असार ८ गते




वीरगज पर्सा/वीरगज महानगरपालिकाको नगरसभा असार ८देखि १०गतेसम्म तीन दिनसम्म हुने भएको छ । गतमंगलवार बसेको महानगरपालिकाको कार्यपालि का बैठकले नगरसभा असार ८देखि १०गतेसम मगर्ने निर्णय गरेको हो । कार्यपालि काको बैठकमा वडाध्यक्षहरुको तीन सुत्रीय माग सम्बोधन भएपछि नगरसभाको मिती तोक्न सहमति भएको एकजना वडाध्यक्षाले बताए । बैठकमा वडाध्यक्षहरुले यसअघि उठाएका तीन सुत्रिय मागमध्ये वडाको बजेट बृद्धि गर्ने विषयमा ३८प्रतिश त बृद्धि गर्ने सहमति भएको छ । यसैगरि वडाअध्यक्षहरुले वडाको बजेट वडाबाट खर्चगर्न पाउनुपर्ने मागलाई सम्बोधन गर्न महालेखापरीक्षकलाई लेखी पठाएर स्वीकृति लिने निर्णय पनि गरिएको छ । सरसफाईको सन्दर्भमा भने असार मसान्तसम्म यथास्थितिमा राखिनेर त्यसपछि निर्णय गरिने बताईएको छ। वडाअध्य क्षहरुले वडास्तरको सफाई वडापालिकाको कार्यालयबाट गरिनुपर्ने र त्यसका लागि पाँचजना सफाईकर्मी र एकजना ट्याक्टर चालकको व्यबस्था गर्नुपर्ने माग राखेका थिए । बैठकले यथार्थपरक बजेट ल्याउने निर्णय पनि गरेको छ ।

आगामी आर्थिक बर्ष २०८१/०८२को बजेट एक अर्ब ८४ करोडभित्र हुने अनुमान गरिएको छ। यो नगरसभाले वीरगंजको महानगरपालिकाको विकासका विभिन्न महत्वपुर्णयोजनाहरु लाई अघि बढाउने महत्वपूर्ण भुमिका खेल्ने अपेक्षा गरिएको छ।

## चिनीले...................

इन्फ्लामेटरी प्रोटिन निष्कासन गर्छ, जसलाई एडीपोकिन्स भनिन्छ । यी तत्वले मानिसको डीएनएलाई क्षति गरी टयुमर गराउन सक्छ । जति बोसोमा हुने कोषिका थुप्रिन्छन्, उति ती घातक प्रोटिन शरीरमा रहन्छ । मोटोपनले स्तन क्यान्सर, कलेजो र आन्द्राको गरी १३ प्रकारको क्यान्सरको जोखिममा राख्छ ।

अमेरिकन क्यान्सर सोसाइटी एण्ड नेसनल क्यान्सरका अनुसार चिनीमा क्यान्सर गराउने कार्सिनोजेनिक तत्व हुँदैन । यद्यपि, अत्याधिक मात्रामा चिनीयुक्त खानेकुराले मोटोपन बढाई क्यान्सरको जोखिम बढाउँछ। तर क्यान्सरको कोष नै तीव्ररुपमा बढाएर क्यान्सर गराउँछ भन्ने कुराको कुनै प्रमाण छैन ।

चिनीले क्यान्सर गराउँछ भन्नु अफवाह

डा. अरुण शाही, क्यान्सर रोग विशेषज्ञ

हामीले खाने चिनीले क्यान्सर गराउँछ भने कुरामा सत्यता छैन। यसबारे जति पनि अध्ययन तथा अनुसन्धान भएका छन्, तिनमा कुनै ठोस प्रमाण देखिएको छैन । बृहत अध्ययन पनि यसबारे भएको छैन ।

कतिपयले यस्तो अफवाहलाई पत्याएर गुलियो खानेकुरा नै चटक्कै छाडेको पनि देख्न सकिन्छ, जुन स्वास्थ्यको हिसाबले राम्रो मानिंदैन । हामीले खाएको जति पनि खानेकुरा छन् । त्यसबाट प्रोटिन, कार्बोहाइड्रेट र फ्याट बन्छ ।

डा. अरुण शाही

कहिलेकाहीं खानपिन राम्रोसँग भएन र लामो समयसम्म भोको भएपछि प्रोटिन र फ्याट पनि ग्लुकोजमा बदलिन्छ । यसको मतलब के हो भने ऊर्जाको लागि ग्लुकोज चाहिन्छ । तर अत्याधिक हुनु भनेको मोटोपन र मधुमेहलाई बढावा दिनु हो ।मोटोपन नियन्त्रण भएन वा मधुमेह भएको १० देखि १५ वर्ष पुगिसकेको छ भने आमाशयको क्यान्सर हुनसक्छ । क्यान्सर हुनु भनेको कोषहरु अनियन्त्रित भएर विभाजन हुनु हो । यी विभाजित भएका कोषिका बढ्न पनि ग्लुकोज चाहिन्छ। जुन कार्बोहाइड्रेट र चिनीजन्य पदार्थबाट बढी प्राप्त हुन्छ ।

त्यसैले ग्लुकोज आधारभूत इन्धन हो, जसले हाम्रो प्रत्येक कोषिकालाई शक्ति दिन्छ। यदि हामीले धेरै ग्लुकोज भएका खानेकुरा खायौं वा पियौं भने सिधै रगतमा अवशोषित हुन्छ, जुन कोषिकाहरूले प्रयोग गर्नका लागि तयार हुन्छ ।

यसरी हेर्ने हो भने चिनीजन्य खानेकुराले सोझो असर गर्दैन तर मोटोपन र मधुमेह छ र नियन्त्रित छैन भने अत्याधिक मात्रामा प्रशोधित चिनीजन्य खानेकुरा खाइन्छ भने पक्कै पनि क्यान्सरको जोखिम रहन्छ ।

साभार अनलाइनखबर डटकम

## "इनोसेन्ट"............

निर्दोषपन र संगीतप्रति मोह, लगाव र दृढनिश्चयले धेरै माथि पुऱ्याउने बताउँछन् । 'करण बाहिरबाट हेर्दा ऊ जति निर्दोष देखिन्छ । भित्रबाट पनि उसलाई परिस्थितिहरुले जीवन बाँच्ने सवालमा धेरै कुरा सिकाएको महसुस हुन्छ । उसको बोलीमा, स्टाटसमा त्यो देखिन्छ,' शिव भन्छन्, 'भविष्यमा म के हुँ, म को हुँ, म कहाँबाट आएको हुँ, मेरो बाटो के हो भन्ने कुरा करणले आत्ममन गरेको जस्तो लाग्छ । यी कुरालाई जीवनमा मनन् गरेर बढ्छन् भन्ने कुरामा म विश्वस्त छु । उसको सांगीतिक भविष्य म उज्ज्वल देख्छु ।'

"हावाहुरीबाट जोगिने उपायहरु"

घरको संरचना बलियो बनाऔं,
हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
छतका गमला सुरक्षित रुपमा राखौं,
जस्तापाता लगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
नेपाल सरकार
विज्ञापन बोर्ड

स्वदेश तथा विदेशमा आफ्नो डकुमेन्ट तथा पार्सल पठाउनको लागि साझा कुरियरलाई सम्झनुहोस् । ठेगानाः- गुप्ता मार्केट आर्दशनगर सम्पर्क नं.:- ०५१-५२६८०९, मो.नं. ९८४४५४२६८५ DHL. ARAMEX, TNT, Feedex